# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १५२ | काठमाडौं | शुक्रबार, ५ असोज २०८० | Prabhab National Daily | Friday, September 22, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दु:ख–कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## स्थानीय तहको अधिकारमा शिक्षकको टाउको दुखाई



- संसदमा दर्ता भएको शिक्षा विधेयकमा शिक्षकको सरूवा, बढुवा, कार्यसम्पादन मूल्यांकन कारबाहीको अधिकार स्थानीय तहमा हुने उल्लेख गरिएको छ
- स्थानीय तहलाई दिइने यही अधिकालाई लिएर शिक्षकहरु त्रसित बनेका हुन्
- शिक्षकहरूको यो माग पूरा गर्न संविधान नै संशोधन गर्नुपर्ने शिक्षाविद्ब ताउँछन्


■ जेबी योञ्जन


**काठमाडौं–** अधिकांश सामुदायिक विद्यालयको सिकाइ उपलब्धि निकै चिन्ताजनक रहेको अवस्थाबीच देशभरबाट हुल बाँधेर काठमाडौं आइपुगेका शिक्षकको आन्दोलन तत्काल रोकिने छाँट छैन । सरकारसँग राखिएका १७ बुँदे माग विद्यालय शिक्षा ऐन संशोधन गर्न बनेको विधेयक २०८० मा समावेश गरिएको अवस्थामा मात्रै आन्दोलन अन्त्य गरेर घर फर्किने उनीहरूको अडान छ ।

शिक्षकहरूका एउटा माग पूरा गर्न सरकारलाई हम्मे पर्ने देखिएको छ । त्यो हो- शिक्षकको सरुवा, बढुवा र बर्खास्तीको अधिकार स्थानीय तहलाई हुने ।

संसदमा दर्ता भएको विधेयकमा शिक्षकहरूको सरुवा, बढुवा, कार्यसम्पादन मूल्यांकन कारबाहीको अधिकार स्थानीय तहमा हुने उल्लेख गरिएको छ । शिक्षा विधेयकको दफा ४८ मा भनिएको छ, 'आयोगबाट शिक्षक सेवाको पदमा सिफारिस भई आएका व्यक्तिलाई गाउँ वा नगर कार्यपालिकाले नियुक्त गर्नुपर्नेछ ।'

विधेयकअनुसार स्थानीय तहले मातहतका सार्वजनिक विद्यालयका शिक्षकको सरुवा गर्न सक्नेछ । साथै एक स्थानीय तहबाट अर्कोमा सरुवा गर्न चाहेमा सहमति लिनुपर्छ । विधेयकले शिक्षकलाई कारबाही गर्ने अधिकारसमेत स्थानीय तहलाई नै दिएको छ ।

विधेयकको दफा ८४ अनुसार पदीय मर्यादा अनकुल कार्य नगरेमा, परीक्षा र पठनपाठन सम्बन्धी काममा लापरवाही वा ढिलासस्ती गरेमा, विद्याथीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले चेतावनी दिनसक्ने छ । उचित र पर्याप्त कारण भएमा आयोगसँग परामर्श लिएर ५ वर्षसम्म तलब वृद्धि वा बढुवा रोक्का गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको छ ।

विद्यालय शिक्षा विधेयकको यही व्यवस्थामा आन्दोलनरत शिक्षकहरूको चर्को विरोध छ ।

शिक्षकहरूको यो माग पूरा गर्न संविधान नै संशोधन गर्नुपर्ने शिक्षाविद् डा विद्यानाथ कोइराला बताउँछन् । उनले विधेयक मात्रै संशोधन गरेर नपुग्ने बताए ।


(बाँकी पृष्ठ ३ मा)


## फेरिएन देउवाको कार्यशैली


■ प्रभाव संवाददाता




- १५ औं महाधिवेशनको सुरसार चल्दा पनि ७० विभागमध्ये १६ विभागमा प्रमुख तोकिए
- विधानअनुसार केन्द्रीय समितिलाई ६ महिनामा पूर्णता दिनुपर्ने हो । तर देउवाले किस्ताकिस्तामा केन्द्रीय सदस्य थपिरहेका छन् ।
- सत्तामा र पार्टीको केही पदमा भाग पाएपछि संस्थापइतर पनि मौन

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उही गति र उही मतिमा चल्न थालेका छन् । सभापतिमा निर्वाचित भएपछि विधानअनुसार चल्नुपर्नेमा देउवा मैमत्त हिसाबले चल्न थाले पनि केन्द्रीय सदस्यहरू भने चुपचाप देखिन्छन् ।

विधानअनुसार केन्द्रीय समितिलाई ६ महिनामा पूर्णता दिनुपर्ने हो । तर देउवाले किस्ताकिस्तामा केन्द्रीय सदस्य थपिरहेका छन् । केन्द्रीय समितिमा अझै पनि कोषाध्यक्ष चयन हुन सकेको छैन भने २ जना केन्द्रीय सदस्य मनोनित कोटा अझै बाँकी छ ।

पार्टीका विभागहरू ६ महिनाभित्रै गठन भइसक्नुपर्ने हो । तर १५ औं महाधिवेशनको सुरसार चल्दा पनि ७० विभागमध्ये १६ विभागमात्र बल्ल गठन भएको छ । तिनमा पनि संयोजकमात्र तोकिएका छन् । १४ औं महाधिवेशनमा जसरी मनोमानीमा उत्रिएर चौतर्फी आलोचनाका पात्र बनेका थिए देउवा । जसका कारण कांग्रेस इतिहासमै कमजोर पार्टी साबित बन्यो । दोस्रो कार्यकालमा भने कांग्रेस संसदमा ८९ सिटसहित पहिलो दल बन्यो । केन्द्रीय समितिमा पनि ८० प्रतिशत बढी शक्ति आर्जेका देउवा पुरानै शैलीमा फर्कन थालेका देखिन्छन् । पहिलो कार्यकालमा रामचन्द्र पौडेल समूहले खबरदारी गरिरहे पनि यसपटक भने संस्थापनइतरले खासै 'काउन्टर' दिन सकेको देखिँदैन । सत्ता भागबण्डा र केही पदमा भाग पाएपछि डा शेखर कोइराला समूह मौनता साँधेर बसेको देखिन्छ ।

### थपे ८ केन्द्रीय सदस्य

केन्द्रीय समितिअघि सभापति देउवाले ८ जनालाई केन्द्रीय सदस्यमा मनोनित गरेका छन् । पार्टीको विधान, २०१७ (संशोधन सहित) को धारा २१ को उपधारा (१०) बमोजिम बिहीबार ८ जनालाई केन्द्रीय कार्यसमिति सदस्य पदमा मनोनयन गरेका हुन् ।

देउवाले मानबहादुर विश्वकर्मा (अर्घाखाँची), अर्जुनप्रसाद जोशी (पर्वत), डा चन्द्रकान्त भण्डारी (गुल्मी), शिवप्रसाद हुमागाई (काभ्रेपलाञ्चोक), किरणराज शर्मा पौडेल (बाग्लुङ), भरतकुमार शाह (रूपन्देही), शारदा पौडेल (कास्की) र अनिलकुमार रुंगटा (पर्सा) लाई मनोयन गरेका हुन् । देउवाले मनोनित गरेका ८ मध्ये चन्द्र भण्डारी र शारदा पौडेल संस्थापनइतरका हुन् ।

२०७८ मंसिरमा सम्पन्न १४ औं महाधिवेशनबाट दोस्रो कार्यकालका लागि निर्वाचित १९ महिने अवधिमा पटकपटक गरी ३२ जनालाई केन्द्रीय सदस्य मनोनीत गरेका छन् ।

१६७ सदस्यीय रहने केन्द्रीय समितिमा सभापतिसहित १३ जना पदाधिकारी र १२२ जना केन्द्रीय सदस्य महाधिवेशनबाट निर्वाचित भएर आएका थिए । सभापतिलाई ३३ जना केन्द्रीय सदस्य मनोनीत गर्ने अधिकार विधानले दिएको छ ।

यसअघि सभापति देउवाले ०८० वैशाख २२ गते मीनेन्द्र रिजाललाई केन्द्रीय सदस्य मनोनीत गरेका थिए । त्यसअघि देउवाले ०७९ साउन ३१ गते १० जनालाई केन्द्रीय सदस्य मनोनीत गरेका थिए । महोत्तरीकी किरण यादव, काठमाडौंकी राधा घले, ललितपुरकी धना खतिवडा, धादिङकी उर्मिला थपलिया, मोरङकी रुकमिनी कोइराला, काठमाडौंकी कल्याणी रिजाल, झापाकी गोमा भट्टराई, रूपन्देहीकी गंगा शाही, सुनसरीकी लक्ष्मी खतिवडा र नवलपुरकी सीता देवकोटा केन्द्रीय सदस्य भएका थिए ।

०७८ पुस १७ गते सभापति देउवाले रामचन्द्र पौडेल, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत, नारायण खड्का, उमा रेग्मी, सुजाता कोइराला र मीनबहादुर विश्वकर्मालाई केन्द्रीय सदस्य बनाएका थिए । राष्ट्रपतिमा निर्वाचत पौडेल अहिले पार्टीसँगको आवद्धता टुंगाएका छन् । भोलिपल्ट पुस १८ गते सभापति देउवाले जीवनबहादुर शाही, प्रदीप पौडेल र कल्याणकुमार गुरुङलाई केन्द्रीय सदस्य मनोनीत गरेका थिए ।

### मनोनित केन्द्रीय सदस्यको योग्यतामाथि प्रश्न

कांग्रेस केन्द्रीय समितिको बैठकमा मनोनीत केन्द्रीय सदस्यको योग्यता र आधारमाथि प्रश्न उठेको छ । गण्डकी कांग्रेस सभापति शुक्रराज शर्माले सभापति देउवासँग केन्द्रीय सदस्यहरू मनोनीतको योग्यता र आधार खोजेका हुन् । 'आज पनि तपाईंले केन्द्रीय सदस्य मनोनीत गर्नुभयो, केन्द्रीय सदस्य बन्ने योग्यता के हो ?,' देउवालाई शर्माको प्रश्न छ, 'केन्द्रीय सदस्य हुन केके काम गर्नुपर्छ ? के-के काम गरेपछि मात्रै कांग्रेस सदस्य हुन पाइन्छ ? मापदण्ड हुनुपर्दैन ।'


(बाँकी पृष्ठ ३ मा)


सन्दर्भ : वैदेशिक रोजगार

## श्रम आप्रवासनका समस्या सम्बोधन गर्न ४७ बुँदे निर्णय


■ अशोक घिमिरे




**काठमाडौं–** सरकारले श्रम आप्रवासनमा देखिएका समस्यालाई दीर्घकालनीरूपमा समाधान गर्न आवश्यक ठानिएको नीतिगत र कानुनी उल्झन तथा प्रक्रियागत व्यवस्थालाई समयसीमा तोकेरै टुंग्याउने निर्णय गरेको छ । गत भदौ २५ र २६ गते प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा बसेको १२ वटा मुख्य श्रम गन्तव्य मुलुकस्थित नेपाली राजदूतसमेतको बैठकले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभिन्न ४७ बुँदे निर्णय गरेको हो ।

बैठकले नयाँ श्रम गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गर्ने, नयाँ गन्तव्य मुलुकको खोजी गर्ने, श्रमिकको हक अधिकार र सामाजिक सुरक्षाको प्रत्याभूति गराउने, श्रम स्वीकृति प्रक्रियालाई सरलीकरण गर्ने, कूटनीतिक नियोगको भूमिकालाई प्रभावकारी बनाउने, सेवा शुल्क निर्धारण गर्नेलगायत निर्णय गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले जानकारी दिए ।

बैठकले श्रम मन्त्रालयसम्बद्ध मुलुकस्थित कूटनीतिक नियोगसँगको समन्वयमा नयाँ श्रम गन्तव्य मुलुकसँग श्रम सम्झौता प्रक्रिया अगाडि बढाउने, श्रमिकको हक, अधिकार, सामाजिक सुरक्षालगायत विषय द्विपक्षीय श्रम सम्झौतामा नै सुनिश्चित गर्ने, श्रमिकको शव फिर्ता र पुन:एकीकरण कार्यक्रमलगायत कल्याणकारी दायित्व समेट्ने विषय सुनिश्चित गर्न पहल गर्ने निर्णय गरेको उनले जानकारी दिए ।

परराष्ट्र मन्त्रालयमा 'श्रम आप्रवासन महाशाखा' स्थापना गर्ने, परराष्ट्र मन्त्रालयले श्रम मन्त्रालयसँगसमेत समन्वय गरी उक्त महाशाखाको कार्यविवरण र दरबन्दी यकीन गरी एक महिनाभित्र निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव गर्ने, सोका लागि कानुनी प्रक्रिया पूरा गर्न संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालयसँग आवश्यक सहजीकरण गर्ने निर्णय गरेको मन्त्री भण्डारीले जानकारी दिए । 'परराष्ट्रले श्रम मन्त्रालयसँग सहजीकरण गरी 'रोमिङ एम्बेसडर'/श्रम सहचारीसमेतको प्रबन्ध हुने गरी महाशखाको कार्ययोजना तर्जुमा गर्नेछ,' उनले भने ।

बैठकले परराष्ट्र मन्त्रालयमा राय/परामर्शका लागि प्रेषित वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ माथि सात दिनभित्र श्रम मन्त्रालयलाई राय उपलब्ध गराउने, परराष्ट्रको रायपछि श्रम मन्त्रालयले संशोधनका लागि मन्त्रिपरिषद्मा पेस गर्ने, मागपत्र प्रमाणीकरणसम्बन्धी वैदेशिक रोजगार ऐनको प्रावधानमा आवश्यक संशोधनका लागि श्रम मन्त्रालयले प्रस्ताव पेस गर्ने र माग प्रमाणीकरण गर्ने कार्यलाई थप सरल र प्रभावकारी बनाउन श्रम सहचारीलाई मुख्य जिम्मेवारी तोक्ने निर्णय गरेको छ ।


(बाँकी पृष्ठ ३ मा)


विस एचआर सोलुसनविरूद्ध मुद्दा

## तीन करोड ८२ लाख बिगो मागदाबी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा पठाउने नाममा ठगी गरेको आरोपमा विस एचआर सोलुसन नामको म्यानपावर कम्पनीका सञ्चालकसहित पाँच जनाविरुद्ध मुद्दा दायर गरेको छ । विभागले बिहीबार तीन करोड ८२ लाख २८ हजार ४९८ रूपैयाँ बिगो मागदाबीसहित वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको हो ।

मुद्दामा विभागले विस एचआर सोलुसन, उक्त कम्पनीका सञ्चालक तुलसीप्रसाद श्रेष्ठ, अमृत श्रेष्ठ, लालबहादुर पुलामी र कर्मचारी फडिन्द्र कोइरालालाई प्रतिवादी बनाएको छ । उनीहरूले सरिता भुजेललगायत ४३ जनालाई पोल्याण्ड, क्रोएसिया, जापान, कतार तथा अमेरिकालगायतका मुलुकमा वैदेशिक रोजगारीका लागि पठाइदिन्छु भनी रकम लिएर विदेश नपठाई ठगी गरेको विभागले उल्लेख गरेको छ ।

विभागका निर्देशक कविराज उप्रेतीले उक्त म्यानपावरका सञ्चालक र कर्मचारीले विदेश पठाइदिन्छु भनेर विभिन्न व्यक्तिसँग एक लाखदेखि ४० लाख रूपैयाँसम्म ठगी गरेको पाइएको बताए । विभागले म्यानपावर कम्पनीको इजाजतपत्र खारेजसहित पीडितबाट लिएको रकम र उक्त रकमको ५० प्रतिशत हर्जना रकम थप गरेर फिर्ता गर्न मागदाबी गरेको छ । त्यस्तै प्रतिवादीहरूलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद सजाय पनि मागदाबी गरेको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## स्थानीय...
पृष्ठ १ बाट जारी

'माद्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई संविधानले दिएको छ तर स्थानीय तहलाई दिन नहुने भन्ने माग सम्बोधन गर्न चुनौती देख्छु', डा. कोइरालाले भनेका छन्, 'यसका लागि त संविधान नै संशोधनसम्म पुग्नुपर्छ ।'

शिक्षकहरूले सरुवा, बढुवा र बर्खास्तीलगायत अधिकार जिल्ला शिक्षा समन्वय इकाइलाई दिनुपर्ने अडान राख्दै आएका छन् ।

यसलाई कमजोरीको रूपमा अर्थ्याउँदै पाँचथरको तुम्बेवा गाउँपालिकाको इन्द्राणी मावि मौवाका प्रधानाध्यापक खड्गनारायण थापाले विधेयकमार्फत् सरकारले सच्याउनुपर्ने बताए ।

'स्थानीय अधिकारी राजनीतिक रूपमा पूर्वाग्रही नबन्लान् भन्न सकिँदैन । यदि, त्यसो भए त शिक्षकको जागिर जहिल्यै धरापमा पर्छ', उनले प्रभावसँग भने ।

थापासहितका हजारौं शिक्षक सरकारले संसद्मा पेस गरिसकेको विधेयकका कयौं प्रावधान संशोधन गर्न दबाब दिइरहेका छन् । जबकि, शिक्षक कहिल्यै पनि सरकारी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि चिन्तासमेत लिँदैनन् । सिकाइ उपलब्धि उकास्न प्रयत्नसम्म गर्दैनन् ।

दुई वर्षअघि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गरेको अनुसन्धानबाट सामुदायिक विद्यालयको सिकाइ उपलब्धि ४८ प्रतिशत छ । तर, सरकारले भने हरेक वर्ष सिकाइ उपलब्धि हासिल गराउन प्रतिविद्यार्थी २९ हजार २०० रूपैयाँ खर्चिने गरेको छ ।

यसलाई शिक्षा क्षेत्रका जानकारहरूले लगानीअनुसारको सिकाइ उपलब्धि नभएको भन्दै यसमा शिक्षक नै बढी जिम्मेवार रहेको दाबी गरिरहेका छन् । हुन पनि २०६५ सालतिर प्रतिविद्यार्थी सरकारी लगानी २९ सयमात्रै छँदा सिकाइ उपलब्धि ५७ प्रतिशत थियो ।

यसरी हरेक वर्ष सिकाइ उपलब्धि खस्किँदो छँदा शिक्षकहरू भने सरकारविरुद्ध आन्दोलन गर्न काठमाडौंमा छन् । बिहान १० बजेपछि माइतीघरदेखि नयाँबानेश्वरसम्म दुई दिनयता लगातार प्रदर्शन गरिरहेका छन् । प्रदर्शनको क्रममा काठमाडौंको मुख्य क्षेत्र बानेश्वरदेखि माइतीघर मण्डला क्षेत्रसम्मै सवारी सञ्चालन ठप्प हुने गरेको छ । यसको असर उपत्यकाको अन्य ठाउँमा पनि पर्ने गरेको छ ।

आन्दोलित हजारौं शिक्षकहरूको नेतृत्व नेपाल शिक्षक महासंघले गरेको छ । महासंघकी अध्यक्ष कमला तुलाधरसहितको प्रतिनिधिमण्डलले बिहीबार बिहान उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र शिक्षामन्त्री अशोककुमार राईलगायतसँगग वार्ता गरेको थियो । वार्ता भने निष्कर्षविहीन भयो ।

तर, वार्तापछि शिक्षामन्त्री राईले शिक्षकको जायज मागहरू सम्बोधन हुने बताए । 'शिक्षकहरूको जायज माग सम्बोधन हुन्छ । यसमा सकारात्मक छौं', वार्तापछि पत्रकारहरूसँग राईले भने । बिहीबार साँझ पनि गृहमन्त्रालयमा छलफल भयो यही समस्याबारे । तर सहमतिको टुंगो लागेन । नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष विष्णुप्रसाद भण्डारीका अनुसार शुक्रबार बिहान ९ बजे औपचारिक रूपमा छलफल गर्ने सहमतिमा साँझको बैठक टुंगियो ।

वार्तामा भने शिक्षक महासंघका प्रतिनिधिहरूले विधेयक संशोधन गरेर माग सम्बोधन गर्न लिखित सहमति हुनुपर्ने अडान राखेका थिए । लिखित सहमतिका लागि सरकार पक्ष तयार नभएको महासंघले जनाएको छ ।

लिखित सहमति हुनुपर्ने महासंघको अडानपछि सरकारले गृहमन्त्री श्रेष्ठको संयोजकत्वमा एक समिति गठन गरेको छ । समितिमा शिक्षामन्त्री राई, अर्थमन्त्री डा. प्रकाशशरण महत र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ छन् ।

समितिले वार्ता थालेको छ । यो समाचार तयार गर्दासम्म समिति र महासंघका पदाधिकारीबीच गृह मन्त्रालयमा वार्ता भइरहेको छ ।

सरकारले विद्यालय शिक्षा विधेयक २०८० प्रतिनिधिसभामा दर्ता गरेपछि त्यसमा रहेका प्रावधानप्रति असन्तुष्टि जनाउँदै शिक्षकहरूले आन्दोलन गरेका हुन् । उनीहरूले आफूहरूको माग शिक्षा मन्त्रालयले मात्र पूरा गर्न नसक्ने भन्दै अर्थ, शिक्षा र कानुन मन्त्रीको उपस्थितिमा मात्र वार्ता गर्ने अडान गर्दै आएका थिए । सोहीअनुसार वार्ता समिति गठन भएको हो ।

महासंघकी अध्यक्ष तुलाधरले माग सम्बोधन नहुञ्जेलसम्म शिक्षकहरू घर नफर्किने बताएकी छिन् ।

'जे-जे माग छन् हाम्रा, सम्बोधन नहुञ्जेल यहीँ (काठमाडौंमै) बस्छौं । आन्दोलन गर्छौं', उनले माइतीघरमा पत्रकारहरूसँग भनिन्, 'बल्लबल्ल नयाँ संविधानअनुसार बन्न लागेको विद्यालय शिक्षा ऐनमा शिक्षकहरूका अनेक अधिकार कुण्ठित गर्न खोजिएको छ ।'

## फेरिएन ...
पृष्ठ १ बाट जारी

विचार पुऱ्याएर मात्रै केन्द्रीय सदस्य मनोनीत गर्न सभापति देउवालाई शर्माले ध्यानाकर्षण गराए । जथाभावी मनोनीत गर्दा संगठनलाई नै क्षति पुग्न सक्ने उनको भनाइ थियो ।

शिक्षकको मागबारे केन्द्रीय समितिमा छलफल

महासमिति बैठकलाई मुल एजेन्डा बनाएर शुरु भएको कांग्रेस केन्द्रीय समितिमा शिक्षक आन्दोलनको विषयबारे पनि छलफल भएको छ । बैठकमा अधिकांश सदस्यले आन्दोलनका कारण पठनपाठन ठप्प हुनु गम्भीर विषय भएको भन्दै शिक्षकहरूसँग वार्ता गरेर समस्याको समाधान निकाल्न सरकारको ध्यानाकर्षण गराएका छन् । कल्याण गुरुङ, प्रतिमा गौतम, नैनसिंह महरलगायतले शिक्षकका जायज माग सरकारले सम्बोधन गर्नुपर्ने बताए ।

केन्द्रीय सदस्य गौतमले शिक्षकहरूको आन्दोलनले काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन अस्तव्यस्त भएको भन्दै यस विषयमा कांग्रेस चुप लागेर बस्न नमिल्ने बताइन् ।

उपसभापतिसमेत रहेका कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काले शिक्षकहरूसँग सरकारले वार्ता थालेको जानकारी गराएका छन् ।

'उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा आजदेखि शिक्षकहरूसँग वार्ता सुरू भएको छ,' उपसभापति खड्काले भने, 'शिक्षकहरूको समस्या समाधान हुन्छ, हामीले समस्या समाधान गर्छौं ।'

शिक्षकहरूले मुलुकको अवस्था र संविधानले गरेको प्रबन्धलाई बुझेको खड्काको भनाइ छ । 'शिक्षक आन्दोलनले उठाएका सवालका सन्दर्भमा सरकारबाट अग्रसरता लिइरहेको छ,' उनले भने, 'समाधान निस्किन्छ ।'

उनले यसअघि शिक्षकहरूसँग गरिएका सहमतिबाट सरकार पछि नहट्ने बताएका छन् । 'शिक्षकहरूको पेसागत अवस्थालाई सुधार र व्यवस्थित गर्न सरकार खुला छ,' खड्काले भने, 'ऐनमा, नियमावलीमा, कार्यविधिमा कसरी व्यवस्था गरेर समस्याहरूलाई समाधान गर्न सकिन्छ भन्नेबारे छलफल गर्न तयार छौं ।'

सरकारले ल्याएको विद्यालय शिक्षा विधेयकमा असन्तुष्टि जनाउँदै शिक्षकहरूले बुधबारदेखि काठमाडौं केन्द्रित आन्दोलन जारी राखेका छन् । नेपाल शिक्षक महासंघ र उपप्रधानमन्त्री श्रेष्ठसहितले बिहीबार बिहान गृह मन्त्रालयमा वार्ता गरे पनि छलफल निष्कर्षमा पुगेको थिएन ।

### बीमालेख हरायो

सुनधारादेखि न्यूरोडसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रविना तुलाधर**
**विमालेख नं : ३०१००००००४**
**Sanim Life Insurance Company Ltd**
**ठेगाना : टेबाल, काठमाडौं**
**सम्पर्क नं : 9841353535**

### सच्याइएको

प्रभाव दैनिकको वर्ष १० अंक १५१ को मिति २०८०/०६/०४ गते प्रकाशित यस **मादमे खोला हाइड्रोपावर लिमिटेड**को **दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**मा प्रकाशित मिति: २०८०/०६/०४ हुनुपर्नेमा अन्यथा हुन पुगेकाले सच्याइएको छ ।


## FREE RECRUITMENT FOR U.A.E !!

**COMPANY: LAMPRELL ENERGY LTD.**

Pre Approval Date : 2023/09/21 LT. No. 292748 Invoice No. 60207917

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Scaffolder | 50 | 0 | 1799 | ६५,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Applicants are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. MHR do not have any sub agents

We will give equal oppurtunities for all the applicants who are willing to join for this recruitment

MHR holds zero tolorence towards any kind of corruption,misconduct,If anyone shows any kind of false temptations, financial demands or force to involve into any illegal activity. All our valuable stakeholders are welcome to reach us through our hotline no.+977-1-4983080 or email: grievance.masssmngt@gmail.com directly. MHR will maintain your privacy

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

An ISO 9001:2015 CERTIFIED COMPANY

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068


## श्री स्वास्थ्य सेवा महाशाखा, छाउनी

### विद्युतिय दरभाउपत्रe-GP आव्हानको सुचना

(प्रथम पटक प्रकाशन मिति: २०८०/०६/०५ गते)

श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीको लागी आ.ब. २०८०/८१ मा आवश्यक पर्ने विभिन्न मेशिनरी औजारहरु आपुर्ति गर्नको लागी विद्युतिय बोलपत्र e-GP को प्रणालीबाट दरभाउपत्र लिन ईच्छुक फर्म/संस्था/कम्पनीको लागि यो दरभाउपत्र आव्हानको १५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । साथै विस्तृत जानकारी र दरभाउपत्र प्रशताव पेश गर्नको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ ।

| सि.नं. | विवरण | दरभाउ पत्र दस्तुर | म्याद | जमानत अंक | जमानत मान्य अवधि | कै. |
|---|---|---|---|---|---|---|
| १ | मेशिनरी सामानहरु | १,०००.०० (पछि फिर्ता नहुने | १५ दिन | ३०,०००.०० | ७५ दिन | |

नेपाल सरकार
रक्षा मन्त्रालय
**नेपाली सेना**
**श्री वीरेन्द्र अस्पताल**
**छाउनी काठमाडौं**

### बोलपत्र आह्वानको सूचना

**सूचना नं. २०८०/०८१/०४**
**(पहिलो पटक सूचना प्रकाशित मिति २०८०/०६/०५ गते**

१. यस अस्पताललाई आ.व.२०८०/०८१ मा आवश्यक पर्ने देहायमा उल्लेखित सामाग्रीहरुको e–GP System को माध्यमबाट खरिद गर्नको लागि यो ३० दिने बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ ।
२. बोलपत्रपत्र सम्बन्धी विवरण

| ठेक्का नं. | कामको विवरण | जमानत र कम रु. | बोलपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| 02/NCB/Goods/NA-BH/080/81 | कार्यालय तथा मसलन्द सामाग्रीहरु | ९५,०००.०० | ३,०००.०० | २०८०/०७/१० गतेको १२:०० बजे | २०८०/०७/१० गतेको १३:०० बजे |
| 03/NCB/Goods/NA-BH/080/81 | कार्यालयको लागि आवश्यक सरसफाईका सामाग्रीहरु | २,५५,०००.०० | ३,०००.०० | | |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला ।

## लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भल्का, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

### ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का (E-Bidding) सम्वन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८०/०६/०५)**

यस नगरपालिकावाट आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोही ऐनको परिच्छेद ९ को दफा ६२ (क) को उपदफा (१) अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि खोलाहरुमा ढुंगा गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) आदि कूल संकलन देहाय बमोजिम घन मि. मात्र बिक्रिमा प्रति घन मिटर रु.१८७.५१ (भ्याट बाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुवाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा लम्कीचुहा नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, लम्की शाखामा रहेको खाता नं. LAMKICHUHA NA.PA. AANTARIK RAJASWA KHATA 4450100301010002 मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि बेबसाइट www.bolpatra.gov.np/epg मा गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ । ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८१ (जेष्ठ मसान्त) सम्मको लागि (चुरे संरक्षित क्षेत्र बाहेक)

**तपसील**

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का अंक रु. मा (कर बाहेक) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| 01/LCM/G/2080/081 | चरेला खोला,खहरे खोला र ढाडे खोला | १३०,६७५।०० | रु.२४,५०३,०६८।२३ | रु.५,०००। (पाँच हजार मात्र) |
| 02/LCM/G/2080/081 | चोरी खोला, रतनपानी खोला र आम खोला | १३९,५००।०० | रु.२६,१५७,८५७।४२ | रु.५,०००। (पाँच हजार मात्र) |
| 03/LCM/G/2080/081 | कर्णाली नदी | ८१,०००।०० | रु.१५,१८८,४३३।३४ | रु.३,०००। (तीन हजार मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**


## Royal Kathmandu Himalaya Beverage Pvt.Ltd.
Sanga, Kavre

**Price List 2080/81 (Effective From : 2080/06/05)**

Vat no.304502613
Excise no. 304502613-69-50955

| S. N. | Brand Name | Packaging | Stockist Price | Margin | RD Price | Margin | Dealer Price | Margin | W/S Price | Margin | Retail Price | MRP |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Big Master Premium Red Dry Wine | 12*750ml | 7,421.16 | 556.59 | 7,977.75 | 398.89 | 8,376.64 | 544.48 | 8,921.12 | 446.06 | 9,367.17 | 890.00 |

ग्राहकको मागलाई ध्यानमा राखी हाल लाई बिग मास्टर रेड ड्राइ वाइन मात्र आर्थिक वर्ष २०७९/८० कै दर रेट कयाम गरिएको छ ।
उपरोक्त दर रेट मिति २०८०/०६/०५ गते देखि आर्थिक वर्ष २०८०/८१ को लागि अर्को सूचना प्रकाशित नभएसम्मका लागि सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# 'अल्जाइमर्सले बिर्सनेमात्रै होइन, कार्यक्षमतामै ह्रास ल्याउँछ'

**चितवन–** अल्जाइमर्स रोगले बिर्सनेमात्रै नभएर कार्यक्षमतामा ह्रास ल्याउने विज्ञहरूले बताएका छन् । विश्वभर नै यो रोगका कारण धेरैले दुःख पाउँदै आएका छन् । भरतपुर अस्पतालका न्युरोलोजिस्ट (स्नायुरोग विशेषज्ञ) डा. निरज गौतमले अल्जाइमर्स बिर्सनेमात्रै समस्या नभएको बताए । उनले भने, 'यसले हाम्रो मस्तिष्कको कार्यक्षमतामासमेत ह्रास ल्याउँछ ।' उनले भविष्यमा के गर्ने भनेर योजना बनाउने कुरा, आज के खान्छु ? कस्तो लुगा लगाउँछु ? जस्ता कुरामासमेत असर पार्ने बताए ।

आमनागरिकले यो रोगलाई बूढेसकालमा लाग्ने रोग र बिर्सने समस्याका रूपमा बुझ्ने गरेको भन्दै उनले भने, 'यो केही हदसम्म सही पनि हो, तर कतिपय समाजमा कतिपय मानिसहरूलाई सानै उमेरमा पनि यो समस्या आउने र धेरैजसो बिर्सने रोग अल्जाइमर्स मात्र नभएर थप अरु रोग पनि हुनसक्ने सम्भावना हुन्छ ।'

अल्जाइमर्सलाई बिर्सनेबाट सुरु भएको रोग मान्न सकिने जनाउँदै उनले अन्तिम अवस्थामा पुगेपछि मस्तिष्कले गर्ने सम्पूर्ण कार्यदक्षतमामा ह्रास आएर हिँड्नमा अप्ठ्यारो हुने, हातखुट्टासमेत नचल्नेजस्ता समस्या हुने बताए ।

विश्वमा करिब पाँच करोड व्यक्ति अल्जाइमर्स रोगबाट पीडित रहेको उनको भनाइ छ । सन् २०५० सम्म यो संख्या अहिलेको भन्दा तीन गुणासम्म बढ्नसक्ने अनुमान गरिएको उनी बताउँछन् । नेपालमा यकीन तथ्यांक उपलब्ध नभएता पनि करिब ८० हजारदेखि एक लाख २० हजारसम्म व्यक्तिलाई बिर्सने समस्या भएको गौतमले जानकारी दिए । उनले भने, 'तीमध्ये एक नम्बर कारण अल्जाइमर्स नै रहेको छ ।'

अल्जाइमर्स पहिचान गर्न कठिन हुने जनाउँदै उनले भने, 'यसको लक्षण सुरु भए पनि धेरै मानिसहरूले बुढ्यौलीपनकै समस्या भन्ने ठानेर त्यसलाई नजरअन्दाज गरेर बस्नुहुन्छ ।' आफ्नो दैनिक काम नै गर्न नसक्ने धेरै जटिल अवस्थामा पुगेपछि मात्र अल्जाइमर्स हो कि भनेर बिरामीलाई चिकित्सककहाँ लिएर आउने गरेको उनको अनुभव छ । जनमानसमा बुढ्यौलीपन र अल्जाइमर्सको बिर्सनेपन छुट्याउन कठिनाइ भएको कारणले गर्दा जटिल अवस्थामामात्र बिरामीलाई चिकित्सककहाँ ल्याउने गरेको उनको भनाइ छ । उनले भने, 'धेरैजसो अल्जाइमर्स ६५ वर्ष कटेपछि नै हुन्छ, धेरै कम अल्जाइमर्स जसलाई हामी जेनेटिक अल्जाइमर्स पनि भन्छौं त्योचाहिँ ६५ वर्ष उमेरभन्दा सानोमा पनि सुरु हुन्छ ।'

विश्वव्यापी संख्याले ६५ देखि ७५ वर्षको उमेरमा करिब एक हजार जना मानिसमध्ये पाँच जनालाई अल्जाइमर्स हुने र यो संख्या ८५ वर्ष उमेर कटेकामा भने एक हजार जनामध्ये ३७ देखि ४० जनामा हुने उनको भनाइ छ । उमेर बढ्दै जाँदा त्यसैगरी अल्जाइमर्स देखिँदै जान्छ ।

उमेरबाहेक उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मोटोपना, शारीरिक व्यायामको अभावजस्ता कारणले अल्जाइमर्स हुने डा. गौतम बताउँछन् । स्वस्थकर खानपान र सक्रिय जीवनयापन गर्नुपर्ने भन्दै उनले भने, 'चिल्लोपना, अत्यधिक मद्यपान र धूमपानले पनि अल्जाइमर्सलाई बढाउँछ ।'

अल्जाइमर्स आफैंमा क्रमशः बढ्दै जाने रोग भए पनि यो एकदमै विस्तारै हुन्छ । डा. गौतमले भने, 'अल्जाइमर्स आफैंबाट मृत्युचाहिँ हुँदैन, हेरचाह राम्रो भयो भने ज्यानको खतरा हुँदैन ।' बूढेसकालमा सबैलाई अल्जाइमर्स हुन्छ नै भन्ने नभएको भन्दै उनले बिर्सने समस्या बढ्दै गएपछि चिकित्सकको परामर्श लिनुपर्ने बताए । अल्जाइमर्सको औषधि दिएर कत्तिको सुधार हुन्छ भनेर हेर्नुपर्ने बताउँदै उनले भने, 'कसैलाई राम्रो फाइदा पनि हुन सक्छ, कसैलाई फाइदा गरेन भने औषधि रोक्नुपर्ने हुन सक्छ ।' बिरामीलाई घरपरिवारले राम्रो हेरचाह गर्नुपर्ने उनको भनाइ छ । *रासस*

# विदेश पलायनले विज्ञान र गणितका शिक्षकको अभाव

**अर्घाखाँची–** मालारानी गाउँपालिकाको वीरेन्द्र माध्यमिक विद्यालयमा चार महिनादेखि गणित विषयको शिक्षक नहुँदा पठनपाठन प्रभावित बनेको छ । ती विषयका लागि तीन पटकसम्म विज्ञापन खुलाए पनि एउटा पनि दरखास्त नपरेको विद्यालयका प्रधानाध्यापक कमल पछाइले बताए । राम्रो विषय लिएर पढेका युवा जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशमा जाने चलनले गाउँमा शिक्षक पाउन नसकिएको उनको भनाइ छ ।

शीतगंगा नगरपालिका-९ को पाकुरी माध्यमिक विद्यालयले पनि गणित र विज्ञान विषयका लागि तीनपटकसम्म विज्ञापन आह्वान गर्दा पनि शिक्षक पाउन सकेको छैन । नगरपालिकाको विकट क्षेत्र मानिने सिद्धाराको पाकुरी माविमा गणित र विज्ञान विषयको शिक्षक पाउन नसकेपछि पढाइ प्रभावित भएको शीतगंगा नगरपालिकाका शिक्षा अधिकृत विनोद पोखेलले बताए । पढेलेखेका मानिस विदेश पलायन हुन थालेपछि विद्यालयमा दक्षजनशक्तिको अभाव बढेको उनको भनाइ छ ।

'पहिले विद्यालयमा शिक्षकको कुनै कमी हुँदैनथ्यो । तर पछिल्लो समयमा अर्घाखाँचीका विद्यालयले एउटै पदका लागि पटक-पटक शिक्षकको विज्ञापन आह्वान गर्दा पनि शिक्षक पाउन सकिएको छैन,' शिक्षा विकास तथा समन्वय एकाइ अर्घाखाँचीका प्रमुख मणिराम पराजुलीले भने ।

## श्रम आप्रवासनका...

पृष्ठ १ बाट जारी

व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका, २०६९ मा संशोधन गरी उच्च दक्ष र दक्ष कामदारको भिसा प्रमाणीकरण प्रक्रिया सरलीकृत गर्ने, व्यक्तिगत प्रयासमा वैदेशिक रोजगारीमा रहेका श्रमिकको हकमा श्रम मन्त्रालयले निश्चित मापदण्ड तयार गरी कूटनीतिक नियोग प्रमुखलाई विशेषाधिकार दिने व्यवस्था गर्ने बैठकको निर्णय छ ।

बैठकले साउदी अरबस्थित नेपाली कूटनीतिक नियोगले माग प्रमाणीकरण कार्यलाई प्रविधिमैत्री बनाउन अभ्यास गरेको 'अनलाइन प्रणाली'को अनुकुलता हेरी तत्कालका लागि अन्य नियोगले समेत प्रयोगमा ल्याउने, दीर्घकालमा मागपत्र प्रमाणीकरणलाई पूर्णरूपमा अनलाइन प्रणालीमा आबद्ध गर्न वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा स्तरोन्नति गर्ने र सो प्रणालीलाई कूटनीतिक नियोगसँग आबद्ध गर्ने निर्णयसमेत गरेको मन्त्री भण्डारीले जानकारी दिए ।

विदेशबाटै पुनः श्रम स्वीकृति प्राप्तिका लागि रकम भुक्तानी प्रक्रियामा सरलीकरण गर्न श्रम मन्त्रालयले सम्बन्धित कूटनीतिक नियोग र नेपाल राष्ट्र बैंकको समन्वयमा एक महिनाभित्र देशगतरूपमा प्रक्रियागत व्यवस्थापन मिलाउने उनले जानकारी दिए । सबै गन्तव्य मुलुकस्थित नियोगमा राहत उद्धार कोष स्थापना गर्ने, उक्त कोषमा नियोगबाट प्रदान गरिने जुनसुकै प्रकारका सेवाबापत प्राप्त शुल्कको निश्चित प्रतिशत रकम जम्मा गर्ने, कोषको परिचालन गर्न परराष्ट्र मन्त्रालयले एक महिनाभित्र निर्देशिका तयार गरी मन्त्रिपरिषद्मा पेस गर्ने र त्यसका लागि अर्थ मन्त्रालयले सहजीकरण गर्नेछ ।

वैदेशिक रोजगार बोर्डबाट नियोगलाई उपलब्ध हुने चक्रीय कोष सञ्चालन गर्न पारदर्शी र व्यवस्थित परिचालनका लागि बोर्डले खर्च गर्नेसम्बन्धी कार्यविधि एक महिनाभित्र तयार गरी उपलब्ध गराउने, वैदेशिक रोजगारीका क्रममा अशक्त भई कोमामा रहेका नेपालीलाई फिर्ता ल्याई उपचार गर्न नेपालमा हेरचाह केन्द्र खोल्ने कार्य अघि बढाउने, श्रम स्वीकृतिको अवधि सकिएका, विभिन्न भिसामा गएका नेपालीको हकमा शव व्यवस्थापन तथा ढुवानीको सम्पूर्ण खर्च सम्बन्धित नेपाली नियोगमा रहेको कोषबाट खर्च गर्ने र सो रकमको शोधभर्ना सरकारले गर्ने बैठकको निर्णय छ ।

'हाल कूटनीतिक नियोग स्थापना नभएका तर १० हजारभन्दा बढी नेपाली श्रमिक रहेका मुलुकमा 'ड्राई पोस्टिङ' (खटिइएका कर्मचारीले परिवारबाहेकको मात्र सुविधा पाउने) गरी नेपाली कूटनीतिक नियोगको स्थापना गर्ने, सो नियोगमा एक जना परराष्ट्रको उपसचिव, एक श्रम सहचारी र एक स्थानीय कर्मचारी गरी तीन जनाको दरबन्दी रहनेगरी परराष्ट्रले दुई महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेको प्रक्रिया पूरा गरी मन्त्रिपरिषद्मा पेस गर्ने, त्यसका लागि अर्थ र संघीय मामिला मन्त्रालयले सहजीकरण गर्ने निर्णय भएको छ,' मन्त्री भण्डारीले भने ।

पोर्चुगल, रोमानिया, माल्टा, साइप्रस, क्रोएशिया, माल्दिभ्स, पोल्याण्ड, टर्कीलगायत युरोपका मुलुकमा १० हजारभन्दा बढी श्रमिक रहेको अनुमान गरिएको छ । यी मुलुकमा श्रम काउन्सिलर र श्रम सहचारीको दरबन्दी सिर्जना तथा थप गर्न श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयको समन्वयमा एक महिनाभित्र प्रस्ताव पेस गर्ने बैठकको निर्णय छ ।

जापान, जर्मनी, अस्ट्रिया, इजरायलमा एक/एक जना श्रम काउन्सिलर र सहचारी तथा दक्षिण कोरियामा एक जना श्रम सहचारी नियुक्तिका लागि दरबन्दी सिर्जना गर्नुपर्ने बैठकले ठहर गरेको छ । अब नियुक्त हुने काउन्सिलर र सहचारीको कार्यअवधि न्यूनतम तीन वर्षको हुनेछ । यसअघि काउन्सिलर र सहचारीको अवधि दुई वर्षको रहेको छ ।

गन्तव्य मुलुकको सामाजिक सुरक्षा नेपालको सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरी सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने वा कामदारको सम्झौताको अवधि समाप्त भएपश्चात जम्मा भएको रकम फिर्ता पाउने गरी द्विपक्षीय समझदारीमा समावेश गर्ने, कोषमा आबद्धताको निरन्तरताका लाागि भुक्तानी विधि सरलीकृत गर्न श्रम मन्त्रालयले सम्बन्धित नियोग र राष्ट्र बैंकसँग समन्वय गरी विधि तयार गर्ने बैठकले निर्णय गरेको मन्त्री भण्डारीले जानकारी दिए ।

बैठकले रोजगारदाता कम्पनीले सेवा शुल्क प्रदान गरेकामा इजाजतपत्रवालाले कुनै पनि भर्ना शुल्क लिन नपाउने गरी 'इम्प्लोयर्स पे प्रिन्सिपल' लागू गर्ने, रोजगारदाताले सेवा शुल्क नदिएको अवस्थामा इजाजतपत्रवालाले बढीमा एक महिनाको तलब सेवा शुल्कबापत लिन पाउने, यस्तो शुल्क देशगतरूपमा विशिष्टीकरण गरी एक लाख रूपैयाँभन्दा बढी लिन नपाउने गरी श्रम मन्त्रालयले सेवा शुल्क निर्धारण गर्ने निर्णय गरेको छ । संसदीय समितिको निर्देशन, सम्बन्धित मुलुकको वस्तुगत अवस्था र सुरक्षाका उपाय अपनाएर मात्र घरेलु कामदार पठाउने कार्य नमूना 'पाइलटिङ'को सुरुआत गर्ने बैठकको निर्णय छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको उक्त बैठकमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, श्रममन्त्री भण्डारी, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेल, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, श्रम मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, परराष्ट्रसचिव भरतराज पौडेल, विभिन्न १२ वटा मुख्य श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगका राजदूत, महावाणिज्यदूतलगायतको सहभागिता थियो । *रासस*


### ओमनमा निशूल्क वैदेशिक रोजगारको अवसर

१.कम्पनी Khimji Internatonal llC

पूर्व स्वीकृती मिति : 08-02-2023 चलानी संख्या :60196285 लट नं. 280726 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्न सविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 04 | 02 | 140 | 48380 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | | | | | | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अर्न्तवार्ता हूने स्थान : सस्थाको कायालय काठमांडौमा मिति : 1 & 2 Oct 2023 मा हूने छ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

- Free Visa - Free Ticket - Free Recruitment

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835,9863194832,9863194834, 9863194839
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NESMA INTERNATIONAL CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति: २०८०/०६/०४ LT. No.292471 चलानी नं. ६०२०७९०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WESTERN JANA CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति २०८०/०६/०३ LT. No. 292777 चलानी नं.६०२०७८९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 10 | 0 | 1800 | ६३,९६० | | | | | | | |
| 3 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INFOTECH FOR EMPLOYMENT-SOLE PROPRIETORSHIP

पूर्व स्वीकृति मिति: २०७९/१०/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०४ LT No.280820 चलानी नं ६०१९६४३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Laborer | 53 | 0 | 800 | २८,७३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |
| 3 | Construction Carpenter | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



### मोटरसाइकल हराएको सूचना

मिति २०८०/०५/१४ गते सामाखुसी, टोखा ११, भण्डारी टोल घरबाहिर पार्किङ गरिराखेको अवस्थामा २२० पल्सर कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : रामकाजी ढुंगाना
बाइक नं.: बा प्र. ०२०४० प ९३५१
च्यासिस नं.: MD2A13EX4MCJ98900
इन्जिन नं. : DKXCMJ33240
ठेगाना: काठमाडौं
सम्पर्क: ९८४१४१४२४४



### पेनशन पट्टा प्रमाणपत्रहरू हराएको सूचना

मिति २०८०/०५/२५ गते नैकाप देखि त्रिपुरेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरु साथै सक्कली पेनशन पट्टा प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम: डिल्ली प्रसाद दाहाल
फोन: ९८४१९८४९५८
ठेगाना: चन्द्रागिरी-१४, काठमाडौं
कर्मचारी संकेत नं. : ९९०९१
पेनशन पट्टा नं.: ९०२७७
दर्जा: शाखा अधिकृत रा.प.तृतीय श्रेणी
कार्यालय: प्रधानमन्त्री तथा मन्त्रिपरिषदरको कार्यालय,काठमाडौं
अवकाश मिति: २०६५/१२/०१ (मृत्यु)
पेनशन पट्टा नामसारीको नामथर : सहना दाहाल



### पेनशन पट्टा प्रमाणपत्रहरू हराएको सूचना

मिति २०८०/०५/२५ गते नैकाप देखि त्रिपुरेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली पेनशनपट्टा प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम: सहना दाहाल
फोन: ९८४१९८४९५८
ठेगाना: चन्द्रागिरी-१४, काठमाडौं
कर्मचारी संकेत नं. : ४३५१३
पेनशन पट्टा नं.: ८३६१२९६
दर्जा: सिनियर टेलीफोन अपरेटर/रा.प.अनं. प्रथम श्रेणी
कार्यालय: व्यवस्थापिका संसद सचिवालय, काठमाडौं
अवकाश मिति: २०६८/०३/१५



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/१२/१० मा दर्ता भएको **प्रा.लि. नं. २८७४१४** को **जम्बाला इन्भेस्टमेन्ट कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/२५ को निर्णयानुसार र बार्षिक साधारण सभाको मिति २०८०/०५/१७ को साविकको नाम सार्थक एडभरटाईजिङ्ग प्रा.लि. (प्रा.लि. नं. १९४५०४) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **गरिमा ट्रेनिङ्ग ईन्स्टिच्यूट प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/०५ गते)

श्री सोम नाथ रेग्मीको बुहारी, श्री बिष्णु हरी रेग्मीको पत्नी साबिक उढरापुर गा.वि.स. वडा नं ०४, बाँके स्थायी ठेगाना भई हाल खजुरा गाउँपालिका वडा नम्बर ०५, बाँके बस्ने श्री मुना शर्मा रेग्मीको मिति २०८०।०३।१६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको नेपालगँज, सुर्खेत रोड शाखामा रहेको श्री मुना शर्मा (रेग्मी) को खाता नं. २२२०२२४३८३७००००१ र खाता नं. २२२०२२४३८३७००००२ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पति श्री बिष्णु हरी रेग्मीले यस बैंकको नेपालगँज, सुर्खेत रोड शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय नेपालगँज सुर्खेत रोड वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नेपालगँज, सुर्खेत रोड फोन नं ०८१-४१५२३१/४१५२३६



PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

### प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

वीरगंज महानगरपालिका वडा नं. ३२ पर्सा, को

### शेयरमा हकदावी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : असोज ०५, २०८०

यस कम्पनीको संस्थापक शेयरधनीज्यूहरुले कम्पनीको जगेडामा रहेको शेयर थप लिने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको कुमारी बैंक लि. तिनकुने शाखाको खाता नं.२३५०२६८६९९१०००१ मा प्रति शेयर कम्पनी व्यवस्थापन शुल्क रु.१५/- थप गरि आफुले लिन चाहेको शेयर वापतको रकम दाखिला गर्न अनुरोध गरिएको छ। सो समय भित्र रकम जम्मा गरि दावि नगर्नु भएमा कम्पनीले अन्य लगानीकर्तालाई जगेडामा रहेको शेयर हस्तान्तरण गरि कम्पनीको शेयर लगत बन्द गर्ने ब्यहोरा सम्पूर्ण हाल सम्म कायम हुनु भएका शेयरधनीज्यूहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

कम्पनी सचिव
प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट ईण्डस्ट्रिज लिमिटेड
प्रधान कार्यालय: वीरगंज म.न.पा.वडा नं.३२, पर्सा, नेपाल।
शाखा कार्यालय: का.म.न.पा. वडा नं.३२, तिनकुने, काठमाडौं।
फोन नं. ०१-५९१३७२८/५९१३७२९
Website : www.prabhusteel.com



### कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/२५ को निर्णयानुसार र बार्षिक साधारण सभाको मिति २०८०/०५/१५ को निर्णयबाट साविकको नाम ग्लेयर ईन्जिनिएरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ९००८१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **प्राईम ईन्स्टिच्यूट अफ होटेल म्यानेज्मेन्ट एण्ड ईन्जिनिएरिङ्ग प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/०५ गते)

श्री जयकृष्ण निधिको नाती, इन्द्र नारायण निधिको छोरा, मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं ०३ बस्ने श्री राजिव कुमार निधिको मिति २०८०/०३/०१ गतेमा मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ००७००३५५१४७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको श्रीमती पूजा कुमारी कर्णले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचना द्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय ईटहरी, सुनसरी फोन नं. ०२५-५८६६६१/५८६६५९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कांग्रेसका कमजोर महामन्त्रीहरू

नेपाली कांग्रेसको १४ औं महाधिवेशनबाट महामन्त्रीमा निर्वाचित भए डा शशांक कोइराला । त्यतिबेला विधानतः एक जनामात्र महामन्त्री हुने व्यवस्था थियो । रामचन्द्र पौडेल समूहबाट निर्वाचित कोइराला कार्यकालभर देउवासामू निरिह रहे । देउवाको कदममा साथ दिनुबाहेक प्रश्न उठाउन हैसियत बनाएनन् उनले । त्यसपछि उनीमाथि अनेकन प्रश्न उठे । महामन्त्री भनेको कार्यसम्पादनको महत्वपूर्ण जिम्मेवारी भएको पद हो भन्दै युवा नेताहरूले प्रश्न उठाए । प्रश्न उठाउँदैउठाउँदै चर्चामा आएको दुई जोधाहा युवा गगन थापा र विश्वप्रकाश शर्मालाई १४ औं महाधिवेशनले महामन्त्रीमा अनुमोदन गऱ्यो ।

तर दुई महामन्त्री पनि अहिले शशांककै हैसियतमा पुगेका छन् । देउवा पार्टीमा पुरानै कार्यशैलीमा प्रस्तुत हुन थालेका छन् । संसदकै ठुलो दल भए पनि सरकारको नेतृत्व पाएको छैन । सरकारमा तेस्रो दल माओवादी केन्द्रको हालीमुहाली छ । देउवा मौन छन् । यही प्रश्न बुधबार पूर्वसभामुखसमेत रहेको नेता दमननाथ ढुंगानाले कांग्रेस केन्द्रीय कार्यालयको कार्यक्रममा सोधे । प्रश्नको काउन्टरमा महामन्त्री गगन आफैले दमननाथलाई अर्को प्रश्न सोधे – तपाईंहरूको पालामा २०५४ सालमा सूर्यबहादुर थापा कसरी प्रधानमन्त्री बने त ? त्यतिबेला काग्रेस पहिलो दल थिएन । एमाले पहिलो दल बनेको थियो । तर अहिलेको अवस्था फरक छ । कांग्रेस पहिलो दल छ । एमाले दोस्रो । पार्टीको नेतृत्वमाथि प्रश्न उठाएर महामन्त्री बनेका गगन नै देउवाको प्रतिरक्षामा उभिनु अचम्मलाग्दो विषय बन्यो ।

अझ कार्यसम्पादनका विषयमा दुई महामन्त्रीले पार्टीमा खासै उपस्थिति जनाउन सकेका छैनन् । साउन ३ बाट सात दिन चलेको केन्द्रीय समिति बैठकले यो छर्लाङ्गै पारिसकेका छ । बरु यस्तो अवस्थामा पार्टीमा विवादित विभागहरू थप्नतिर महामन्त्रीहरू लागेका छन् । सरकारमा पार्टी संविधानअनुसार चल्न सकेन, पार्टीमा विधानअनुसार । कोशीमा संविधान विपरित कांग्रेसकै नेतृत्वमा सरकार बन्दा दुई महामन्त्रीले मौनता साँधे । केन्द्रीय समितिलाई ६ महिनामा पूर्णता दिनुपर्ने हो विधानअनुसार । तर, देउवाले किस्ताकिस्तामा केन्द्रीय सदस्य मनोनित गरिरहेका छन् । विभागहरूलाई कहिले पूर्णता दिने हो अत्तोपत्तो छैन । भ्रातृ संगठनको अवस्था भद्रगोल छ । यस्तो अवस्थामा युवा महामन्त्रीहरूको स्पेस कहाँ छ ? अहिले कांग्रेस नेताकार्याकर्ताले गगन विश्वलाई प्रश्न सोध्न थालेका छन् । दुई महामन्त्री भने प्रश्नदेखि भाग्नेबाहेक समस्या समाधानतिर लागेको देखिन्न । यस्तो ताल देख्दा के कांग्रेसको महामन्त्री पद नै कमजोर हो त ? भन्ने प्रश्न उठ्न थालेको छ ।

## मनन्योग्य

### चाणक्य नीति

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो । उसले व्यास नदी पार गर्न सकेन । तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे ।

झोपडीका वरपर कुश उम्रिएको थियो । एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो । बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो । सबै कुश हातले उखल्न थाले । उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे । त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन् । मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन् । विष्णुगुप्त आश्चर्यमा पर्दै ती बृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन् ।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए ।

# संविधान कार्यान्वयनमा ध्यान दिनुपर्छ

न्यायालयको नेतृत्व ३१औं प्रधानन्यायाधीशका रूपमा गत भदौ ५ गतेदेखि औपचारिक जिम्मेवारी सुरू गरेका विश्वम्भरप्रसाद श्रेष्ठले २०३८ चैत २७ गते न्याय सेवामा प्रवेश गरेका थिए । प्रधानन्यायाधीश श्रेष्ठको कानुनमा स्नातक र मानवशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । उनले २०४५ जेठ ३ गतेदेखि न्यायाधीशका रूपमा दार्चुला जिल्ला अदालतमा काम प्रारम्भ गरेका थिए । त्यसपछि डडेलधुरा, उदयपुर, मकवानपुर, झापा, बाँके र काठमाडौंमा जिल्ला न्यायाधीशका रूपमा काम गरेका लामो अनुभव छ । उनले २०६२ चैत १० गते तत्कालीन पुनरावेदन अदालतको न्यायाधीशको जिम्मेवारी लिएका थिए । उनले २०७० साउनमा पुनरावेदन अदालत पोखराको निमित्त मुख्य न्यायाधीश र २०७१ भदौमा पुनरावेदन अदालत हेटौंडाको मुख्य न्यायाधीशका रूपमा काम गरे । २०७३ साउन १७ गतेदेखि सर्वोच्च अदालतको न्यायाधीशका रूपमा काम गर्न थालेका थिए । प्रस्तुत छ, प्रधानन्यायाधीश श्रेष्ठसँग संविधान दिवसका अवसरमा *रासस*का समाचारदाता *कालिका खड्काले* गरेको कुराकानी:



**विश्वम्भरप्रसाद श्रेष्ठ**
**प्रधानन्यायाधीशद**

**मुलुकको न्याय क्षेत्रको नेतृत्व गर्नुभएका शीर्षस्थ न्यायमूर्तिका हैसियतले हाम्रो संविधान कार्यान्वयनको अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

नेपालको सविधान जारी भएको आठ वर्ष पूरा भएको छ । त्यसले मूलरूपमा अंगीकार गरेको नीति र सिद्धान्तअनुसार कार्यान्वयन हुँदै गएको अनुभूति भइरहेको छ । यो संविधान राज्यको शासन, प्रशासन, न्यायपालिकाले गर्ने भूमिका र अन्यको भूमिकाको विषयमा स्पष्ट व्यवस्था छ । त्यस हिसाबले यो पवित्र दस्तावेज हो । त्यो कार्यान्वयन गर्ने क्रममा केही कानुन बन्ने क्रममा होलान् । संविधान कार्यान्वयनका क्रममा न्यायालयले संविधानको व्याख्या गर्ने जिम्मेवारी र भूमिका निर्वाह गर्दै आएको छ । संविधानलाई गतिशीलता दिने काम गर्दै आएको छ । संविधानले मौलिक अधिकार र मानवअधिकारका विषयमा न्यायपालिकाले संवेदनशील तरिकाले हेर्दछ । संविधानको व्याख्या गर्ने र आवश्यक कानुनको अभाव देखिएमा कानुन निर्माण गर्नका लागि आवश्यक निर्देशनात्मक आदेश आएको छ ।

**जनताद्वारा निर्वाचित संविधानसभाले बनाएको नेपालको संविधानलाई उत्कृष्टमध्येकै रूपमा लिइन्छ । कार्यान्वयनका क्रममा हाम्रो संविधानको सबल र दुर्वल पक्ष के-के हुन् जस्तो महसुस गर्नुभएको छ ?**

संविधान जतिसुकै राम्रो भए पनि केही कमी हुन्छ भनेर नै संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई दिएको छ । न्यायपालिकाले संविधानवाद, नीतिगत सिद्धान्तलाई हेरेर व्याख्या गर्ने काम गर्दछ । छुटेको हुन सक्छ । केही अलपत्र परेको हुन सक्छ । कतै द्विविधा देखिने खालका प्रावधान आउँछ । समग्रमा संविधानमा जहाँजहाँ समस्या वा सुविधा पर्छ । कार्यान्वयनका क्रममा देखिने समस्यालाई अदालतको आदेश वा फैसलाले गाँठो फुकाउने काम गर्छ । जनताले बनाएको उत्कृष्ट संविधान हो । सैद्धान्तिक रूपमा म त्यो मान्दछु । त्यसैले, संविधानको व्याख्या गर्ने अन्तिम जिम्मेवारी न्यायालयलाई दिइएको हो ।

**वर्तमान संविधानको स्पिरिटबमोजिम केही ऐन, कानुन बन्न बाँकी छ भनिन्छ, यस अवस्थामा न्याय सम्पादन प्रक्रियामा कुनै असर परेको अनुभव गर्नुभएको छ ?**

संविधानबमोजिम बनाउनुपर्ने कानुन बनिरहेका छन् । तर केही मौलिक हकका कानुनहरू बन्न बाँकी छ । तर ढिलाइ भएको खण्डमा अदालतमा न्यायका लागि आएमा अदालतबाट आदेश दिएर कानुन बनाउनका लागि निर्देशनात्मक आदेश पनि दिने गरेका छौं । त्यसले गर्दा पनि कानुन बनाउन सहज हुन्छ भन्ने लागेको छ । समयमा कानुन बनाउँदा न्यायका उपभोक्तालाई सहज हुन्छ । कुनै मुद्दामा त यति अवधिभित्र बनाउनु भनेर अवधि पनि हामीले तोकिदिएका छौं । त्यस्ता कुराले पनि महत्त्व राख्दछ भन्ने लाग्छ ।

**निकै समयपछि एउटा "करिअर जज" ले देशको न्याय क्षेत्रको नेतृत्व गर्ने अवसर प्राप्त गरेको अवस्थामा न्याय क्षेत्रको पद सोपान प्रक्रिया र न्याय सम्पादनको प्रभावकारितालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

म अधिकृत तहदेखि नै न्याय क्षेत्रमा प्रवेश गरेको हुँ । निश्चय नै 'करिअर जज' र अरू कानुन व्यवसायीबाट आएका न्यायाधीशमा केही फरक हुँदैन । कर्मचारीबाट आएको न्यायाधीश आएको न्यायाधीश र कानुन व्यवसायीबाट आएको न्यायाधीशमा बुझाइ आ-आफ्नो हुन सक्छ । तर काम गराइको हिसाबमा केही फरक छैन । तर, कानुन व्यवसायीबाट आएर न्यायाधीशले पनि धेरै राम्रो काम गर्नुभएको छ । न्यायपालिकाले अत्यन्तै राम्रो गरेर जानुभएको छ । न्यायपालिकालाई राम्रो ढंगले नेतृत्व र सञ्चालन गर्न सक्नु मुख्य कुरा हो । के कसरी आयो भनेर खास फरक हुँदैन जस्तो मेरो अनुभव छ ।

**मुलुकको न्याय प्रणाली छिटोछरितो र सर्वसुलभ हुन सकेको गुनासो सुनिन्छ । गुणस्तरीय, छिटो न्याय कसरी दिन सकिन्छ ?**

जनताको आस्थाको केन्द्र न्यायालय हो । जनताले न्याय सहज, सर्वसुभल र गुणस्तरीय न्याय हुनुपर्छ भनेर न्यायपालिकाको उद्देश्य नै हो । जनताले छिटोछरितो रूपमा न्याय पाउनुपर्छ । न्यायका लागि धेरै लामो अवधिसम्म कुर्दा न्यायपालिकाप्रति नकारात्मकरूपमा असर पर्छ भन्ने बोध हामीलाई पनि भएको होइन । छिटो न्यायका लागि न्यायपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेका छौं । मुद्दा मामिलाको रोहमा अन्यायमा परेर आएका सेवाग्राहीलाई चित्तबुझ्दो र छिटो न्याय दिन सकिन्छ भनेर जिल्ला, उच्च अदालतमा प्रभावकारिता बढाइरहेका छौं ।

सर्वोच्च अदालतमैचाहिँ गाँठो फुकाउन सकेका छैनौं । तर पनि सर्वोच्च अदालतमा गत वर्ष उल्लेख्य मात्रामा पुराना मुद्दा फर्स्योट गऱ्यो । विगत १० वर्षको अवधिमा एक वर्षमा १२ हजार मुद्दा फर्स्योट भएको तथ्यांक छैन होला । त्यसमा सबै न्यायाधीश, व्यवस्थापक र कर्मचारीहरूको सकारात्मक भूमिकाबाट सम्पन्न भएको हो । छिटो न्यायका लागि हरेक काम गरिरहेका छौं । जिल्ला र उच्च अदालतमा 'फरक मुद्दाका लागि फरक व्यवस्थापन' कार्यक्रम लागू गरिरहेका छौं । त्यसले निश्चित समयमा काम गर्नुपर्ने व्यवस्था छ । त्यो पनि छिटो न्यायका लागि गरिएकै व्यवस्था छ । तर, सत्य कुरा के हो भने न्यायिक प्रक्रियामा लाग्नुपर्ने हुन्छ । आज मुद्दा पऱ्यो, भोलि नै फैसला गर्नुपर्ने स्थिति रहँदैन । सुनुवाइको मौका दिनुपऱ्यो । उसको भनाइ पनि सुन्नुपऱ्यो । प्रमाण पनि बुझ्नुपर्छ । सर्वोच्चको निर्णय अन्तिम हुने सिद्धान्त भएकाले संवेदनशील भएर आदेश वा फैसला गर्नुपर्ने हुन्छ । तर छिटो न्यायका लागि निरन्तर पहल गरिरहेका छौं ।

**जनतासाग प्रत्यक्ष सरोकार राख्ने न्यायालयमा विचौलियाको हाबी हुन्छ भन्ने सुनिन्छ, यसमा तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयनको अवस्था के छ ?**

न्यायपालिकाको सुधार, शुद्धताका लागि विगत धेरै वर्षदेखि न्यायपालिका गम्भीर भएर लागिरहेको छ । सर्वोच्च अदालतका न्यायाधीशकै नेतृत्वमा बेलाबेलामा सुझाव संकलन गर्ने काम गर्दै आएको छ । पूर्वप्रधानन्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन पनि हामीसँग छ । त्यसको कार्यान्वयन कसरी गर्न सकिन्छ भनेर अध्ययन गरिरहेका छौं । त्यसतर्फ लागिरहेको छु । बहाली भएको सुरुमै पेसी तारिख व्यवस्थापन स्वचालित प्रणालीबाट सुरु भएको छ । जहाँजहाँ अनियमिता देखिएको छ । त्यहाँले अभियान चलाइरहेको छौं । अनियमिता गर्नेलाई कुनै पनि प्रकारणको छुट हुँदैन । हामी त्यसतर्फ लागिरहेका छौं । प्रतिवेदनहरू कार्यान्वयन गर्दै र न्यायालयको विचौलिया र अनियमितता अन्त्यका लागि प्रयास गरिरहेका छौं ।

**जिल्ला, उच्च हुँदै सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति प्रक्रियामा बार एसोसिएसनले पनि उचित प्रतिनिधित्व खोजिरहेको छ । न्यायाधीश नियुक्तिसहित समग्र प्रक्रियाको कसरी मूल्यांकन गर्नुभएको छ ?**

न्यायाधीश बन्नका लागि आवश्यक विशेष योग्यता, क्षमता, इमान्दारिता र लगनशीलता आवश्यक पर्छ । योग्य र व्यावसायिक व्यक्तिलाई नियुक्ति गर्नुपर्छ । न्यायलाई सहज, छिटोछरितो बनाउनका लागि योग्य हुनुपर्छ । जहाँबाट आए पनि संविधानले दिएको व्यवस्थाअनुसार सक्षम व्यक्ति आउनुपर्छ । बार र न्यायपालिका अभिन्न अंग हो । न्यायपालिकाको दरिलो साथी बार हो । समाजसँग संवाद गर्ने वा समाजमा न्यायपालिकाका बारेमा जानकारी गराउन अभिन्न अंग हो । एउटै सिक्काका दुई पाटाजस्तै हुन् । योग्य र सक्षम न्यायाधीशचाहिँ नियुक्ति हुन जरुरी छ । सेवाबाट आए पनि कानुन व्यवसायीबाट आए पनि न्याय निरूपणका लागि सक्षम, योग्य र न्यायपालिकाको 'स्पिरिट'लाई बुझ्ने खालको हुनुपर्छ । त्यसले नै न्यायपालिकालाई गतिशीलता दिने काम गर्छ ।

**संविधानले स्थानीय तहमा "न्यायिक समिति" को परिकल्पना गरेको छ । यसले गर्दा अदालतमा मुद्दाको चाप कम गर्न केही सहयोग पुगेको छ ?**

संविधानले सानासाना विवादहरू गाउँस्तर वा नगरस्तरमै व्यवस्थापन गर्न सकोस् भन्ने हो । गाउँपालिका वा नगरपालिका सबैभन्दा पहिला पीडितले भेट्ने ठाउँ हो । त्यो राम्रो पनि हो । आफ्ना जनप्रतिनिधि र चिनेजानेका मानिसहरू त्यहीँ हुन्छन् । जिल्ला न्यायाधीशहरूले काम कारबाहीका बारेमा निरीक्षण पनि गर्नुहुन्छ । राजनीतिक व्यक्तिलाई न्यायाधीश बनाउँदा कठिनाइ त हुन्छ तर न्यायिक समितिले यति मुद्दा फर्स्योट गऱ्यो भनेर यकीन तथ्यांक आएको मैले पाएको छैन । उक्त समितिमा हुने विवादहरू निरूपणका लागि कानुनी ज्ञान भएका मानिस भएमा राम्रो हुन्छ । न्यायपालिकामा आउने मुद्दामा कमी भएको छैन । विगत १० वर्षको तथ्यांक हेर्दा न्यायपालिकामा पहिलाभन्दा तेब्बर मुद्दा पर्ने गरेको छ । अहिले पनि मुद्दा दर्ता हुने क्रम जिल्ला, उच्चदेखि सर्वोच्चसम्म उत्तिकै छ । न्यायिक समिति क्रियाशील भएमा केही मुद्दाको कार्यबोझ कम हुन सक्छ । न्यायमा पहुँचको कार्यक्रम पनि न्यायिक समितिमार्फत जनतामा पुऱ्याउन सहज हुन्छ । बुझाउन सहज हुन्छ । त्यो हिसाबले पनि न्यायिक समितिलाई प्रभावकारी र सहकार्य गरेर जान जरुरी छ ।

**अन्त्यमा...**

संविधान एउटा पवित्र दस्तावेज हो । यसको कार्यान्वयनमा र स्वामित्व ग्रहण हरेक देशवासीले गर्नुपर्छ । यसका प्रावधानलाई सम्मान गर्नुपर्छ । यसमा उल्लेख भएका मानवअधिकार र मौलिक हकका विषयमा सचेत हुनुपर्दछ । यसको कार्यान्वयनमा जनताले पनि खबरदारी गर्नुपर्छ किनकि यो सबै कानुनी व्यवस्था जनताका लागि बनाइएको हो । संविधानको कार्यान्वयनमा राज्यका सबै निकायहरू अनवरतरूपमा लागिरहेका छन् र लाग्छन् । सम्पूर्ण देशवासीलाई म भन्न चाहन्छु कि संविधान एउटा गतिशील दस्तावेज हो । यसको कार्यान्वयनमा सबैले सहयोग भयो भने आफ्नो अधिकार र कर्तव्यमा सचेत रहनुभयो भने राम्रो हुन्छ । यो संविधानले नेपाली जनताले चाहेको दिगो शान्ति, विकास र समृद्धि पूरा गर्न सकोस् भन्ने कामना गर्दछु ।

## पत्र–मञ्जुषा

# जेलभित्र कैदीबन्दीको बेहाल

मुलुकका उच्च पदस्थहरू बस्ने भवनहरू अलिकति चर्कियो भने पनि नयाँ निर्माण गरिन्छ । राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री, मन्त्री, सभामुखलगायत बस्ने भवनमा सानो दरारमात्र आयो भने पनि तुरुन्तै मर्मत हुन्छ वा नयाँ ठडयाइहालिन्छ । तर, जनताका छोराछोरी लगेर थुन्ने जेलचाहिँ सयौं वर्ष पुराना छन् । भत्किन लागेको जोखिमपूर्ण जेलमा कैदीहरू कैद सजाय काटिरहेका छन् ।

गल्ती गरेका जेल जानु स्वाभाविकै हो । तर, जेलमा यस्ता पनि व्यक्ति छन् जो शंकाको भरमा जेल बसिरहेका छन् । बाटो हिँड्नेलाई समेत एउटा मुद्दा लगाएर जेल हालिन्छ । जुनसुकै जिल्लाको कारागार होस्, क्षमताभन्दा धेरै कैदीबन्दी छन् । सरकारले जनतालाई भेडाबाख्रा जसरी खोरमा थुनेर राखेको छ । जेलमा कुनै सेवासुविधा छैन । आधारभूत हकअधिकार सबैले मानवले पाउनुपर्छ ।

जेलमा न खानको राम्रो व्यवस्था छ न स्वास्थ्य उपचारकै । बिहान बेलुका रुखोसुको खान दिएर आफ्नो कर्तव्य पूरा भएझैं गर्छ सरकार । जेल पर्न सजिलो छ तर निस्किन धेरै गाह्रो छ । प्रहरीको हातमा परेपछि उम्किन साह्रै कठिन हुन्छ । एकचोटि जेलमा परेपछि निस्किन कि त पैसा लगाउनुपर्छ कि त पावर । नेताको कार्यकर्ताले संविधान दिवसको दिन राष्ट्रपतिबाट माफी पाउँछ ।

अरु सीधा सर्वसाधारण त सधैं जेलमै । जेलमा समस्या भयो भनेर पटकपटक कैदीबन्दीले आवाज उठाइसकेका छन् । बस्न, खान, लाउन नै कठिनाइ भएको उनीहरूको आवाज राज्यले सुन्दैन । तत्कालीन गृहमन्त्री बालकृष्ण खाण नक्कली भुटानी शरणार्थी प्रकरणमा अहिले जेल बसिरहेका छन् । उनले गृहमन्त्री हुँदा जेल सुधार गर्न चासो देखाएनन् । अहिले त्यही पुरानो जेलमा बसेका छन् ।

जेलमा कोचेर मात्रै समस्याको समाधान हुने होइन । बिरालोले मुसा पक्रन ढुकेर बसेझैं सरकार कतिखेर जनताले गल्ती गर्छ र हामीभित्र लगेर कोच्न पाउँछौं भनेर कुरेर बसिरहेको छ । कैदीबन्दीलाई जेलमा राख्दा राज्यलाई आर्थिक भार बढेको तर, उपलब्धि केही छैन । राज्यले भेडाबाख्राझैं कैदीलाई खोरभित्र कोचेर केही हुनेवाला छैन । उनीहरूलाई काममा लगाउनुपऱ्यो, जसले तिनका परिवार र राज्यलाई पनि सहयोग पुऱ्याओस् ।

जेलमा बस्ने कैदीलाई बिहान बेलुका भात खान दिएर र दिनमा ८० रूपैयाँ दिएर केही प्रगति भएको छ ? मान्छे आपराधिक गतिविधिमा किन संलग्न हुन्छ ? गरिबी, अशिक्षा, बेरोजगारीका कारण मान्छे आपराधिक गतिविधिमा फस्छ । देशको अवस्थाले नै जनतालाई 'अपराध' गर्नतर्फ धकेलिरहेको छ । खान लाउन, पढ्न, स्वास्थ्य उपचार पाउनु जनताको मौलिक हक हो ।

त्यही हक जनताबाट खोसिएको अवस्था छ । खान नपाएपछि उनीहरू आपराधिक क्रियाकलापमा संलग्न हुन्छन् । सरकारले उनीहरूलाई थुन्दा तिनका परिवारकोसमेत भविष्य चकनाचुर भएको छ । कमाउने उमेरमा जेल जान्छन्, बूढेसकालमा निस्किन्छन् । अनि त्यसपछि के गर्ने ? कमाउन सक्ने अवस्था हुँदैन । कैदीबन्दीलाई पनि रोजगारी दिनुपऱ्यो । उनीहरूलाई सार्वजनिक काममा लगाउनुपऱ्यो ।

यस्तो गर्दा देश विकास पनि हुन्छ, उनीहरूले पनि आम्दानीको स्रोत पाउँछन् । अहिले त दिनरात थुन्यो अनि भात खान दियो । सांसदहरूले पनि यो विषय सदनमा उठाउनुपऱ्यो । जेलमा थुनेर कसैको पनि जिन्दगी बर्बाद पारिदिनुहुँदैन । कतिपय बाबुआमाको एउटै सन्तान हुन्छन् । त्यो सन्तान नै जेल परेपछि बाबुआमाको अवस्था के हुन्छ ? उनीहरूको विवाह भएको हुँदैन ।

देशमा यत्रा सरकारी निकाय छन् । तर, कसैले जेलमा बसेका कैदीबन्दीको अवस्थाबारे अध्ययन गरेका छन् ? जेलमा बसेका ८० प्रतिशत निर्दोष छन् । उनीहरूलाई सरकारले नगरेको गल्तीको सजाय दिइराखेको छ । यसबारे आवाज उठाउन जरुरी छ ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**धानबालीमा क्षति** | वर्षाका कारण हुम्लाको अदानचुली गाउँपालिका-४ कालागाडदेखि गल्फागाड खोलासम्म बिहीबार बिहान आएको बाढीपहिरो जाँदा धानबालीमा पुऱ्याएको क्षति ।
*तस्बिरः दाने बोहरा/रासस*

# नगर अस्पताल सञ्चालनमा आएसँगै स्थानीय खुसी

**मध्यविन्दु (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिकामा १५ शयाको नगर अस्पताल सञ्चालनमा आएपछि स्थानीय जनतालाई स्वास्थ्य सेवा लिन सहज भएको छ ।

साविकको चोरमारा स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी नगर अस्पतालको सेवा प्रवाह सञ्चालन गरेसँगै यहाँका स्थानीयलाई सहज भएको हो । आफ्नै गाउँघरमा चौबीसै घण्टा विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवा लिन पाउँदा स्थानीय खुसी भएका छन् । सामान्य बिरामी हुँदा भरतपुरतिर जानुपर्ने बाध्यता हटेको मध्यविन्दु नगरपालिका-७ की माया न्यौपानेले बताइन् ।

'आफ्नै गाउँ नजिकै यसरी धेरै सेवा लिन पाउँदा खुसी लागेको छ,' उनले भनिन्, 'दिनरात जुन समयमा स्वास्थ्य समस्या परे पनि उपचार पाइन्छ भन्नेमा विश्वस्त भएका छौं ।' नगर अस्पताल व्यवस्थित हुँदा आफूहरूलाई सहज भएको उपचारका लागि अस्पताल आएका विष्णुप्रसाद खनालले बताए ।

'अहिले त यहीँ भिडियो एक्सरे, रगत परीक्षणसहित आवश्यकताअनुसार भर्नासमेत गर्न थालिएको रहेछ, अहिले हामीलाई स्थानीय सरकार गाउँ-ठाउँमा आएको अनुभूति भएको छ,' उनले भनिन् । पहिले उपचार गर्ने रकमले गाडी भाडामै खर्च गरेर जिल्ला बाहिर जाने स्थानीय आफ्नै नगरपालिकाभित्र उपचार पाउँदा खुसी भएका छन् ।

नगर अस्पतालबाट अहिले सर्पदंश, रेबिज, प्रयोगशाला, प्रसूतिलगायतका आकस्मिक सेवासहित १५ शयाबाट अन्तरंग सेवा सञ्चालन गरिएको मध्यविन्दु नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ख्यामबहादुर क्षेत्रीले बताए ।

'उपचारलाई व्यवस्थित र थप प्रभावकारी बनाउन भिडियो एक्सरे सेवालाई नियमित र विशेषज्ञसहितको स्वास्थ्य परीक्षणलगायतका सेवा दिँदै अझ व्यवस्थित बनाउन भवन निर्माणका काम चलिरहेको छ,' उनले भने ।

हाल अस्पतालमा डाक्टर दुई, नर्सिङ हेल्थ असिस्टेन्ट दुई, नर्स तीन, अहेव तीन, अनमी तीन, रेडियोग्राफर एक, ल्याब टेक्निसियन एक, ल्याब असिस्टेन्ट एक, कार्यालय सहयोगी र नगर एम्बुलेन्ससहित एक जना चालक कार्यरत रहेको शाखा प्रमुख क्षेत्रीले बताए । नगर अस्पतालमा विशेषज्ञ चिकित्सकसहित १५ शयाको सेवा सञ्चालन भएपछि बिरामीको चाप बढेको मध्यविन्दु नगर अस्पतालका प्रमुख नन्दलाल रानामगरले बताए । उनका अनुसार अहिले दैनिक १५० देखि २०० जनासम्म ओपिडीमा सेवा लिन आउने गरेका छन् । 'नगर अस्पताल सञ्चालनमा आएपछि स्वास्थ्य बिमा गरेका नागरिक पनि सहजरूपमा उपचार लिन यहीँ आउने गरेका छन्,' उनले भनिन्, 'अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने हाम्रो प्रयास जारी छ ।'

मध्यविन्दु नगरपालिका र आसपासका स्थानीयका लागि सहज स्वास्थ्य पहुँच स्थापना नगरपालिकाको प्राथमिकतामा रहेको नगरप्रमुख भीमलाल अधिकारीले बताए । निर्माणाधीन नगर अस्पतालको सुविधा सम्पन्न भवन निर्माण सम्पन्न भएपश्चात् थप सेवासमेत विस्तार हुने उनले बताए । *रासस*

# जमुनाह नाकामा सुरक्षा सतर्कता

**राँझा (बाँके)–** चाडपर्व नजिकिँदै गर्दा नेपालगञ्जस्थित जमुनाह नाकामा अवाञ्छित गतिविधि हुन नदिन सतर्कता अपनाइएको छ ।

भारतका विभिन्न सहरबाट कमाइ गरेर घर फर्किने नेपाली र किनमेलका लागि सीमावर्ती भारतीय बजार रूपैडिहा जाने नेपाली उपभोक्तालाई आवागमनमा सहजताका लागि विशेष सतर्कता अपनाइएको इलाका प्रहरी कार्यालय जमुनाहका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक मीनबहादुर विष्टले बताए ।

'अहिले भारततिर जाने र आउने सर्वसाधारणले जमुनाहमा भीडभाड बढेको छ,' विष्टले भने, 'सीमानाकामा लुटपाट हुन नदिन र सहजरूपमा आवतजावतका लागि हरदम प्रयास गरिरहेका छौं ।'

भारतीय सुरक्षाकर्मीले आवागमनमा परिचयपत्र अनिवार्य गरेकाले परिचयपत्र नभएर अलपत्र परेका नेपालीलाई रूपैडिहा पुगेर भनसुन गरी नेपालतर्फ आउने वातावरणसमेत बनाउने गरेको उनको भनाइ छ ।

अहिले सीमावर्ती भारतीय बजार रूपैडिहा जान अनिवार्य परिचयपत्रको व्यवस्था गरिएकाले नेपाली उपभोक्ताले सास्ती बेहोर्दै आएका छन् । नेपालगञ्ज भन्सार कार्यालयले १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने गरी कडाइ गरे पनि घरायसी उपभोगका सामानसँगै चाडपर्वका लागि आवश्यक पर्ने खाद्यान्न र लत्ताकपडा खरिदका लागि दैनिक हजारौंको संख्यामा नेपाली उपभोक्ता सीमावर्ती भारतीय बजार रूपैडिहा पुग्ने गरेका छन् ।

बाँकेका ग्रामीण क्षेत्र र बर्दिया, दाङ, सुर्खेत, दैलेख, जाजरकोट तथा सल्यानलगायतका उपभोक्तासमेत किनमेलका लागि भारतीय बजार रूपैडिहा जाने गरेका छन् । सीमा क्षेत्रमा चाडपर्वका बेलामा लुटपाटका घटनासमेत हुने भएकाले सुरक्षा सतर्कता आवश्यक रहेको स्थानीय नागरिक अगुवा तेजविक्रम शाहले बताए । *रासस*


## विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि.
टोखा-९, काठमाडौ, सम्पर्क नं. ०१-५९०३३२६, ५९०३३५०

**कर्जा चुक्ता गर्न आउने बारे अत्यन्त जरुरी सुचना**

प्रथम पटक प्रकाशित मिति २०८०/०६/०५ गते

यस सहकारी संस्थाबाट तपाई शेयरसदस्य नं.१७५६ले तपसिलमा धितो राखी लिनु भएको ऋण समय-समयमा तिर्नु बुझाउनु पर्ने साँबा व्याजसमेत नबुझाई यस संस्थासंग गर्नु भएको शर्त बन्देजहरु उलंघन गर्नु भएकोले तपाइलाई संस्थाको नियामानुसार पटक-पटक पत्रबाट फोनबाट र धनजमानीबाट समेत ताकेता गर्दा पनि रकम चुक्ता गर्न अटेर गरि बस्नु भएको हुँदा, तपाईको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५(पैंतिस) दिनभित्र सहकारी संस्थामा सम्पर्क गरी आफुले लिएको ऋणको सम्पुर्ण साँवा व्याज हर्जनासमेत चुक्ता गर्नू होला । अन्यथा सहकारी ऐन, नियम, विनियम, ऋण नीति संस्थासंग गर्नु भएको तमसुक लिखतानुसार कारवाई गरी संस्थाको लेना रकम असुल उपर गरिने छ ।

| कर्जावालाको नाम, ठेगाना र फोटो | धित्तोको विवरण |
|---|---|
| **नाम : उषा चौधरी**<br>ना.प.पत्र नं. : ७८८४६<br>जारी मिति : २०६२/०१/१९ जिल्ला नवलपरासी<br>पति : पदुमराज चौधरी, ना.प.पत्र नं. : ३९७७४<br>जारी मिति : २०५३/०९/०८ नवलपरासी<br>ससुरा : ओम नाथ चौधरी<br>जिल्ला : नवलपरासी सरावल वडा नं.८<br> | जिल्ला नवलपरासी साबिक सरावल गा.बि.स वडा नं ८ कि नं. १२७ क्षेत्रफल ०-३-८.७५-० (११६४.०७ ब.मि.) र कि नं. ८४२ क्षेत्रफल ०-५-१७.५०-० (१९८९. ५१ ब.मि) को जम्मा क्षेत्रफल ३१५३.५८ ब.मि. को पुरा जग्गा |



## मादमे खोला हाइड्रोपावर लिमिटेड
मध्य वानेश्वर, काठमाडौं

**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोश्रोपटक प्रकाशित मिति: २०८०/०६/०५

यस कम्पनीको संचालक समितिको मिति २०८० असोज ३ गतेको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दोश्रो वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति :- २०८० असोज २५ गते बिहीवार (तदनुसार १३ अक्टोवर, २०२३)
समय :- बिहान ९:०० बजे
स्थान :- हार्दिक होटल, वागवजार, काठमाडौं ।

**दोश्रो वार्षिक साधारण सभाका प्रस्तावहरुः**

१. **सामान्य प्रस्तावहरु**
क) कम्पनीको तर्फबाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्ने ।
ख) कम्पनीको आ.व. २०७९/८० को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी निर्णय गर्ने ।
ग) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धी ।

२. **विशेष प्रस्तावहरुः**
क) कम्पनीको प्रवन्धपत्र संशोधन गर्ने सम्बन्धी ।
ख) कम्पनीको नियमावली संशोधन गर्ने सम्बन्धी ।

३. **विविध ।**

**नोट :- यस कम्पनीको मिति २०८० अश्विन ४ गते प्रकाशित सूचना को सि.नं २ विशेष प्रस्तावहरु अर्न्तगतको प्रस्तावहरु (क), (ख) र (ग) को सट्टा देयाय बमोजिम (क) र (ख) कायम गरी प्रस्तावहरु संसोधन गर्ने संचालक समितिले निर्णय गरेको हुदाँ सम्बन्धित सबैको लागि यसै सूचनाद्वारा जानकारी गराइएको छ ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## युएइमा वैदेशिक रोजगारको अवसर
कम्पनी : SHENYANG YUANDA ALUMINIUM INDUSTRY ENGINEERING CO., LTD
पूर्व स्वीकृति मिति: २०८०/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०४ | LT. No.292331 | चलानी नं. ६०२०७५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Door Maker | 5 | 0 | 1000 | ३६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1000 | ३६,११० | | | | | | | |
| 3 | Carpenter Assistant | 2 | 0 | 1000 | ३६,११० | | | | | | | |
| 4 | Concrete Mixing Operator | 3 | 0 | 1000 | ३६,११० | | | | | | | |
| 5 | Metal Structure Maker | 5 | 0 | 1000 | ३६,११० | | | | | | | |
| 6 | Plumber Assistant | 2 | 0 | 1000 | ३६,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : DANSONPACK SDN BHD
पुर्व स्वीकृति मिति २०८०/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०४ | LT No.286072 | चलानी नं.६०२०१४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदी अरेबियामा रोजगारको अवसर
कम्पनी: SAFARI COMPANY
पूर्व स्वीकृति मिति २०८०/04/30 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/04 | LT. No.291009 | चलानी नं. ६०२०६२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 55 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४
**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : MOHAMMED Q.AL-RESHAIDAN CONSTRUCTION EST.
पूर्व स्वीकृति मिति २०८०/०३/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०४ | LT. No.288419 | चलानी नं.६०२०३८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 2 | 0 | 1000 | ३५,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९
**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : SOYA MASTER FOOD PRODUCTS SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०४ | LT. No. 286069 | चलानी नं. ६०२०१४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 2 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज १२ गते (29th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1535/078/079
**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484
Email : doc@grgnepal.com.np




## सगरमाथा म्युजिक अवार्ड असोज २६ मा

पाँचौ संस्करणको 'सहारा ग्रुप सगरमाथा म्युजिक अवार्ड २०८०' असोज २६ गते शुक्रबार हुने भएको छ । चलचित्र विकास वोर्डको हलमा हुने आयोजक संस्थाद्धारा जारी विज्ञप्तीम जनाइएको छ । अवार्डमा राष्ट्रिय, गजल, चलचित्र, आधुनिक, लोक दोहोरी र पप विधाम १६५ जना कलाकारहरू प्रतिस्पर्धामा रहेका छन् । अवार्डमा नेपाली गीतसंगीतको क्षेत्रमा योगदान पुऱ्याएका एक जना विशिष्ट व्यक्तिलाई लाईफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरिने छ । भोट र जुरीको आधारमा अवार्डको अन्तिम निर्णय हुने अवार्ड संयोजक मनोज थापाले जानकारी दिए ।

SAGARMATHA MUSIC AWARDS

# प्रथम शहीद थापासम्बन्धी दस्तावेजको पुस्तक विमोचन

■ प्रभाव संवाददाता



**काठमाडौं** – प्रथम शहीद लखन थापा मगर (ऐतिहासिक दस्तावेज संग्रह) पुस्तकको विमोचन गरिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित एक कार्यक्रमका बीच गृहमन्त्री नारायणकाजी श्रेष्ठले पुस्तकको बिमोचन गरेका हुन् । प्रथम शहीद घोषणा भएको आठौं बार्षिकोत्सवको अवसर पारेर पुस्तकको बिमोचन गरिएको प्रथम शहीद लखन थापा मगर स्मृती प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानले प्रकाशन गरेको उक्त पुस्तकमा समावेश सामग्रीहरूको संकलन र सम्पादन जीवन आले मगरले गरेका हुन् । उक्त पुस्तकमा चार खण्ड रहेका छन् । खण्ड 'क' मा शहीद लखन थापाको समसामयिक सन्दर्भका सामग्रीहरू उल्लेख गरिएको छ ।

खण्ड 'ख' मा इतिहासकारहरूले आफ्नो पुस्तकहरूमा लखन थापाले आन्दोलनमा निर्वाह गरेको भूमिका र योगदानको बारेमा उल्लेख गरेका कुराहरूलाई समावेश गरिएको बताइएको छ । खण्ड 'ग' मा जीवनी पुस्तकमा लखन थापाको बारेमा समेटिएका बिषयवस्तु र खण्ड 'घ' मा खोजअनुसन्धानकर्ता र लेखकहरूले आफ्नो लेखहरूमा थापाको बारेमा उल्लेख गरेका कुराहरूलाई समावेश गरिएको छ । लखन थापाको समग्र अध्ययन र जानकारीका लागी उक्त पुस्तक उपयोगी हुने बताइएको छ ।

प्रतिष्ठानद्वारा आयोजित उक्त कार्यक्रमको अवसरमा लखन थापालाई परिचित र सम्मानित गराउन भूमिका खेल्ने गोरखाका तीनसहित १८ जना सम्मानित भएका छन् । सम्मानित हुनेहरूमा रुलबहादुर आले, चिरञ्जीवी वाग्ले, चीनकाजी श्रेष्ठ, डा. मिनेन्द्र रिजाल, सुरेश आले मगर, अमरसिंह पुन, शिवलाल थापा मगर, प्रा.डा. श्रीरामप्रसाद उपाध्याय, बाबुराम सिंह थापा क्षेत्री, त्रिलोक सिंह थापा मगर र डा. हर्षबहादुर बुढा मगर रहेका छन् ।

त्यस्तै इतिहासकार प्रा.डा. तुल्सीराम वैद्य, चित्रकार टेकबीर मुखिया, गोरे बहादुर खपाङ्गी, क्याप्टेन यमबहादुर बुढाथोकी, लखन थापाका सन्तति बिनोद थापा मगर, क्रिपासुर शेर्पा, उच्च अदालत धनकुटाका न्यायाधीश रामबहादुर थापा पनि सम्मानित भएका छन् । सँगै नेपाल मगर संघलाई पनि सम्मान गरिएको छ । कदर पत्रले उनीहरूलाई सम्मान गरिएको हो । कार्यक्रमकै अवसरमा प्रतिष्ठानले सात बुदँ मागसहितको ज्ञापन पत्र गृहमन्त्रीलाई बुझाएको छ । लखन थापालाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्ने, थापासँगै मारिएका अन्य ६ जनालाई पनि शहीद घोषणा गर्नुपर्ने, थापाले शहादत प्राप्त गरेको दिन फागुन २ लाई राष्ट्रिय दिवसको रूपमा मनाइनु पर्ने र थापाको प्रेरणा मूलक जीवनी विद्यालय र विश्व बिद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने उनीहरूको माग छ ।

बुंकोटमा रहेको बिद्रोही किल्लाको उत्खनन र त्यहाँ रहेका पुरातात्विक सामग्रीहरूको समबर्धन र विकासका लागि आवश्यक योजना र बजेटको व्यवस्था गर्न पनि उनीहरूले माग गरेका छन् । प्रथम शहीदको नाममा संग्रहालयको निर्माण, राष्ट्रिय सम्मान तथा बिभूषणको घोषणा र आर्थिक सामाजिक पूर्वाधारहरूको निर्माण गरी प्रथम शहीदलाई आम रूपमा परिचित गराई सम्मानको वातावरण निर्माण गर्नुपर्ने उनीहरूको माग छ । लखन थापाको नाममा सरकारी प्रतिष्ठानको निर्माण गरी अध्ययन अनुसन्धान तथा तथ्य प्रमाणको दस्तावेजीकरण गर्ने व्यवस्था मिलाउन समेत ज्ञापन पत्रमार्फत माग गरिएको छ ।

## राष्ट्रकवि पुरस्कार समालोचक प्रा.डा. त्रिपाठीलाई

**काठमाडौं (प्रस)**– राष्ट्रकवि माधवप्रसाद घिमिरेको नाममा स्थापित 'माधव घिमिरे पुरस्कार' वरिष्ठ समालोचक प्रा.डा. वासुदेव त्रिपाठीलाई प्रदान गरिने भएको छ ।

नेपाली भाषा, कला, साहित्य, संस्कृति र ज्ञानविज्ञानको उन्नयनका लागि विसं २०५३ मा स्थापना भएको मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले पहिलो पटक माधव घिमिरे पुरस्कार वरिष्ठ समालोचक प्रा.डा. त्रिपाठीलाई प्रदान गर्न लागेको हो । उक्त पुरस्कारको राशि रु एक लाख र ताम्रपत्र रहेको छ ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेकी धर्मपत्नी महाकाली घिमिरे, सुपुत्रद्वय इन्दिवर घिमिरे र राजिव घिमिरेद्वारा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानको कोषमा रहने गरी रु १६ लाखको अक्षयकोष स्थापना गरिएसँगै उक्त अक्षयकोषबाट आउने ब्याजमार्फत हरेक वर्ष पुरस्कार प्रदान गरिने निर्णयअनुसार पहिलो पटक प्रा.डा. त्रिपाठीलाई पुरस्कार प्रदान गर्न लागिएको हो ।

तनहुँको भानु नगरपालिका निवासी त्रिपाठीले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा पहिलो पटक विद्यावारिधि उपाधि प्राप्त गरेका हुन् । विसं २०३४ मा मदन पुरस्कार प्राप्त गर्नुभएका उनले लेखनाथ पुरस्कारसमेत पाइसकेका छन् । त्रिपाठीले निम्नमाध्यामिक नेपाली व्याकरण र रचनासमेत लेखेका छन् ।

उक्त पुरस्कार राष्ट्रकवि माधवप्रसाद घिमिरेको जन्मजयन्तीको अवसर पारेर यही असोज ७ गते प्रदान गर्न लागिएको प्रतिष्ठानका उपाध्यक्ष भाग्यशाली अधिकारीले जानकारी दिए । अक्षयकोष स्थापना गरेसँगै पुरस्कार छनोटका लागि प्रतिष्ठानले तीन सदस्यीय समिति बनाएको थियो ।

प्रतिष्ठानका अध्यक्ष एवं वरिष्ठ साहित्यकार विजयराज न्यौपानेको संयोजकत्वमा गठित समितिको सदस्यमा विज्ञका तर्फबाट प्रा डा जयराज आचार्य र दाताका तर्फबाट डा. हेमाङ्गराज अधिकारी सदस्य छन् । उक्त समितिको सिफारिसमा प्रदान गर्न लागिएको उक्त पुरस्कार शीतल निवासमा आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले प्रदान गर्ने प्रतिष्ठानका सदस्य लक्ष्मण थापाले जानकारी दिए ।

# राजा राजेन्द्रको 'सालको पात'मा बैदेशिक रोजगारीको पिडा



■ प्रभाव संवाददाता

**काठमाडौं** – हास्य कलाकार तथा स्टयाण्ड अफ अमेडियन राजा राजेन्द्र पोखरेलले बैदेशिक रोजगारिको पिडामा निकै मार्मिक गीत 'सालको पात' ल्याएका छन् । गीतमा विदेशमा रोजगारीको सिलसिलामा गएका ब्यक्ति जेल पर्दा त्यसको परिवारमा पर्ने पिडा ब्यक्त गरिएको छ । गीतमा शब्द तथा संगीत श्रमदीप चौलागाईको छ । गीतको एरेन्ज गोपाल रसाइलीले गरेका हुन् ।

गीतको भिडियोमा पनि बैदेशिक रोजगारिको सिलसिलामा विदेश गएएका एक ब्यक्ति विदेशको जेलमा पर्दा त्यसको परिवारले उसलाई नेपाल ल्याउन गर्ने बिभिन्न संघर्षको कथा बुनिएको छ । गीतको पिपडालाई भिडियो झन् दर्शाएको छ ।

अभिनेत्री शिल्पा पोखरेल, सुरवीर पण्डित र युवराज गौतमकोको अलवा बालकलाकारको एलेक्स खड्काको अभिनय रहेको भिडियो निकै मार्मिक बनेको छ । भिडियोमा युवराजले विदेशिने युवक, शिल्पाले युवकको श्रीमती र सुरबिरले बुबा र बालकलाकारले छोरोको भुमिका निर्वाह गरेका छन् । युवराजको यो पहिलो भिडियो हो । पहिलो भिडियोबाटै उनले अभिनयमा राम्रो सम्भावना देखाएका छन् ।

दिन्सन शाहको सम्पादन रहेको भिडियोको छायांकन तथा निर्देशन ज्ञानेन्द्र एस हुमागाईले गरेका हुन् ।

गीतले बैदेशिक रोजगारिमा जाने ब्यीक्तको पिडा ब्यक्त गरेकोले सबैले मनपराउने विश्वास आफुले लिएका गायक राजा राजेन्द्र पोखरेलले बताए । 'हामीले गीत लामो समयसँग प्रथामिकता पर्ने हिसावले निर्माण गरेका हौं', पोखरेलले भने 'गीतले आपत्तमा परेका नागरिकलाई पनि झक झकाउछ ।'

राजेन्द्रका अहिलेसम्म ४ गीत बजारमा आएका छन् । गायन पनि कलाकारिताको एउटा महत्वपुर्ण पाटो भएकोले आफुले अभिनयको अलवा गायन पनि गर्दै आएको पोखरेलले बताए ।

# नेपाल पाकिस्तानसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं** – साफ यू-१९ च्याम्पियनसिपमा नेपालले पाकिस्तानसँग हार ब्यहोरेको छ । बिहीबार दशरथ रंगशालामा नेपालले पाकिस्तानसँग १-० को हार ब्यहोरेको हो ।

पाकिस्तानका लागि ७६ औं मिनेटमा अलि जफरले विजयी गोल गरे । लामो दुरीबाट प्रहार गरेको बलले जाली चुमेपछि नेपाली टिम निराश बन्यो ।

